पुस - २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क १८ | २०७८, पुस १६-३० | पूर्णाङ्क ७०८

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- सदस्य**
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	३
इजलास नं. १	११
इजलास नं. २	६
इजलास नं. ४	२
इजलास नं. ५	७
इजलास नं. ६	९
इजलास नं. ७	५
जम्मा	**४३**

इजलास नं. ८	१
इजलास नं. ९	१
इजलास नं. १०	२
इजलास नं. ११	३
इजलास नं. १२	५
जम्मा	**१२**

कूल जम्मा ४३ + १२ = ५५

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७८, पुस – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>" को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ – ३**
१.	जबरजस्ती करणी	नेपाल सरकार वि. विरेन्द्रप्रसाद पराजुली	१
२.	हातहतियार खरखजाना	नेपाल सरकार वि. भुवना भन्ने भुवन महतो कोइरी	२
३.	उत्प्रेषण	धनलक्ष्मी न्यौपाने वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत	३
इजलास नं. १			**३ – १५**
४.	उत्प्रेषण	भेषबहादुर वन वि. उच्च अदालत विराटनगरसमेत	३
५.	हाडनाता जबरजस्ती करणी	नेपाल सरकार वि. नारायणप्रसाद कँडेल	४
६.	हाडनातामा जबरजस्ती करणी	नेपाल सरकार वि. रामबहादुर मण्डल	५
७.	आगो लगाएको	नेपाल सरकार वि. मो.कुदुस मियाँसमेत	६
८.	बन्दी प्रत्यक्षीकरण	मुकेशबाबु वाग्ले वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबारसमेत	७
९.	निर्णय बदर हक कायम	चण्डिका राजोपाध्याय वि. गोविन्दप्रसाद चालिसे	९
१०.	अपहरण शरीर बन्धक	नेपाल सरकार वि. राज भन्ने ठाकुरबहादुर वि.क.	११
११.	हातहतियार खरखजाना	नेपाल सरकार वि. जोगेन्द्र महतोसमेत	१२
१२.	मोही दर्ता नामसारी	राजेश्वरप्रसाद साह वि. फुदनीवति थरूनीसमेत	१४
इजलास नं. २			**१५ – २१**
१३.	उत्प्रेषण / परमादेश	दानबहादुर सिंजाली मगर वि. चमेलिया जलविद्युत् आयोजनासमेत	१५
१४.	लागु औषध (खैरो हिरोइन)	निमा शेर्पा वि. नेपाल सरकार	१६

१५.	कर्तव्य ज्यान	मंगलबहादुर मिजार सार्की वि. नेपाल सरकार, कालु सार्की मिजार वि. नेपाल सरकार	१६
१६.	कर्तव्य ज्यान र चोरी	थाकुमायाँ आले वि. नेपाल सरकार, रूद्रबहादुर थापा वि. नेपाल सरकार	१८
१७.	उत्प्रेषण / परमादेश	मोहन विक्रम पोखरेल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौं	१९
इजलास नं. ४			२१ – २२
१८.	कर्तव्य ज्यान	विशाल गुरूङ वि. नेपाल सरकार, पेमा छुल्टिम तामाङ वि. नेपाल सरकार, लक्षु भन्ने फुर्वा तामाङ वि. नेपाल सरकार, छिरिङ दोर्जे लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. छिरिङ दोर्जे लामासमेत	२१
१९.	वैदेशिक रोजगार	नविन पराजुली भन्ने गणेशबहादुर पराजुली वि. नेपाल सरकार	२२
इजलास नं. ५			२२ – २८
२०.	बैंकिङ कसुर	नेपाल सरकार वि. सुमन हुमागाईं	२२
२१.	बैंकिङ कसुर	नेपाल सरकार वि. दुर्गादेवी शाही	२३
२२.	कर्तव्य ज्यान र जबरजस्ती चोरी	नेपाल सरकार वि. पदमबहादुर श्रेष्ठ	२४
२३.	उत्प्रेषण / परमादेश	तुफानी अहिर वि. मुरत अहिरसमेत	२६
२४.	निषेधाज्ञा	कुन्तीदेवी अमातिनी वि. उपेन्द्र रायसमेत	२७
२५.	जबरजस्ती करणी	नेपाल सरकार वि. बुद्धिबहादुर सापकोटा	२८
इजलास नं. ६			२८ – ३६
२६.	जबरजस्ती चोरी	नेपाल सरकार वि. सागर कामी	२८
२७.	लागु औषध (खैरो हेरोइन)	विरमान घलान वि. नेपाल सरकार, ठुलोकान्छा तामाङ वि. नेपाल सरकार, प्रमिला चौधरी वि. नेपाल सरकार	२९

२८.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. सूर्यबहादुर तामाङ	३१
२९.	दर्ता बदर दर्ता	जानकी देवकी वि. पुरूषोत्तमलाल अग्रवाल	३२
३०.	मानव बेचबिखन	सुनिलकुमार बेरीवाल वि. नेपाल सरकार	३३
३१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. कमलबहादुर शाही	३५
इजलास नं. ७			**३६ – ४१**
३२.	मानव बेचबिखन तथा ओसारपसार	नेपाल सरकार वि. राजन भन्ने निरबहादुर तामाङसमेत	३६
३३.	मानव बेचबिखन तथा शरीर बन्धक	नेपाल सरकार वि. कुमार मैनालीसमेत	३६
३४.	उत्प्रेषण	सुनिता श्रेष्ठ एन्ड कम्पनी वि. काठमाडौं महानगरपालिकासमेत	३८
३५.	उत्प्रेषण / परमादेश	कृष्णप्रसाद आचार्यसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	४०
इजलास नं. ८			**४१ – ४२**
३६.	उत्प्रेषण / परमादेश	कुलबहादुर लिम्बू वि. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार	४१
इजलास नं.९			**४२**
३७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. किशोर चुनारा	४२
इजलास नं.१०			**४२ - ४४**
३८.	कर्तव्य ज्यान	सिक्किमे साइँला भन्ने विजय राई वि. नेपाल सरकार	४२
३९.	जबरजस्ती करणी	नेपाल सरकार वि. रामु सापकोटा	४३
इजलास नं.११			**४४ - ४५**
४०.	उत्प्रेषण	पूर्णमाया राना वि. त्रिभुवन विश्वविद्यालय, सेवा आयोग, कीर्तिपुर काठमाडौंसमेत	४४

४१.	लागु औषध ब्राउन सुगर	नेपाल सरकार वि. दिलिप थारू	४५
इजलास नं.१२			**४५ - ५२**
४२.	कर्तव्य ज्यान	गोविन्दबहादुर बटाला वि. नेपाल सरकार, नेपाल सरकार वि. गोविन्दबहादुर बटाला	४५
४३.	बन्दी प्रत्यक्षीकरण	दिलबहादुर थापामगर वि. कारागार कार्यालय, नक्खुसमेत	४८
४४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. सन्तलाल भन्ने सुशीलकुमार गुरूङ	४९
४५.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. शेरबहादुर तामाङ	५१
४६.	बन्दी प्रत्यक्षीकरण	मरियाम थापासमेत वि. उच्च अदालत पाटनसमेत	५२

संयुक्त इजलास

१

स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री डम्बरबहादुर शाही, *०७४-CR-१५४०, जबरजस्ती करणी, नेपाल सरकार वि. विरेन्द्रप्रसाद पराजुली*

प्रस्तुत वारदात पीडित भनिएकी जाहेरवालीको आँगनमा भएको र सो समयमा जाहेरवालीको श्रीमान् तथा निजको सौता घरमा नै रहेको र वारदात हुँदा निजले हारगुहार माग्दै दिदी दिदी भनी कराएको कुरा जाहेरी बेहोराबाट देखिन्छ । घरमा श्रीमान् र सौतासमेत भएको बेला उक्त वारदात हुँदा निज जाहेरवाली कराउँदा पनि कसैले सुनेको अवस्था छैन । वारदात मिति २०७१।४।१४ मा भएको तर जाहेरी मिति २०७१।५।११ मा मात्र दर्ता भएको देखिन्छ । यदि निज प्रतिवादीले यी जाहेरवालीको इच्छाविपरीत करणी गरेको भए वारदात भएको यति लामो समयसम्म चुप लागेर बस्नुपर्ने कारण मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन । जाहेरवालीको घरनजिकै प्रतिवादीलगायत अन्य मानिसहरूको घर पनि रहेको देखिन्छ । यदि प्रतिवादीले जबरजस्ती करणी गरेको भए निजले कराउँदा वा हारगुहार माग्दा अन्य मानिसले पनि थाहा पाउनुपर्नेमा कोही कसैले वारदातको बारेमा तत्काल थाहा पाएको मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिँदैन । जाहेरवाली र प्रतिवादी दुवैजना वयस्क उमेरका छन् । यस्तो अवस्थामा प्रतिवादीले जाहेरवालीको इच्छाविपरीत निजलाई करणी गर्न लाग्दा आफ्नो सतीत्व रक्षा गर्न जाहेरवालीले सङ्घर्ष गर्नु स्वाभाविक हो तर जाहेरवालीको स्वास्थ्य परीक्षण हुँदा निजको शरीरमा जबरजस्ती करणी हुँदा शरीरमा देखिने सङ्घर्षका चिह्नहरू केही देखिएको छैन । जाहेरीमा प्रतिवादीले खुकुरी जस्तो हतियार देखाई जबरजस्ती करणी गरेको भनी उल्लेख भए पनि सो हतियार बरामद भएको नदेखिने ।

यसरी प्रस्तुत घटनाको प्रत्यक्षदर्शी कोही नभएको, जबरजस्ती भएको भनिएको ठाउँनजिकै रहेको मानिसहरूले उक्त वारदातको बारेमा थाहा पाएको मिसिल संलग्न प्रमाणबाट नदेखिनु, जाहेरवालीको शरीरमा कुनै चोटपटक नदेखिनुसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले जाहेरवालीलाई जबरजस्ती करणी गरेको मिसिल संलग्न वस्तुनिष्ठ प्रमाणबाट शंकारहित तवरले पुष्टि हुन आएको नदेखिएकोले प्रतिवादीलाई सफाइ दिने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसलालाई अन्यथा मान्न मिलेन । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्दछ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी विरेन्द्रप्रसाद पराजुलीले पीडितलाई जबरजस्ती करणी गरेकोले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(५) नं. बमोजिम ५ वर्ष कैद सजाय तथा सोही महलको १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू.५०,०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहऱ्याई झापा जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादी विरेन्द्रप्रसाद पराजुलीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।१२।१४ मा भएको

फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७६ साल जेष्ठ १ गते रोज ४ शुभम् ।

२

स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना, *०७२-CR-०३०१, हातहतियार खरखजाना, नेपाल सरकार वि. भुवना भन्ने भुवन महतो कोइरी*

यसरी प्रतिवादी भुवना भन्ने भुवन महतो कोइरीको नाममा जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट जारी भएको म्याद मुलुकी ऐन, अ.बं.११० नं. को रीत नपुर्‍याई तामेल भएको देखिएको र जिल्ला प्रशासन कार्यालयबाट फैसला हुँदा तपसिल खण्डमा प्रतिवादीलाई पुनरावेदन म्याद दिने उल्लेख भएको अवस्थामा प्रतिवादीको तर्फबाट निजका कानून व्यवसायीले नक्कल लिएको मितिदेखि कानूनको म्यादभित्र पुनरावेदन परी सुनुवाइ भई भएको पुनरावेदन अदालत जनकपुरको फैसलामा मुलुकी ऐन, अ.बं.२०८ नं. को त्रुटि भएको मान्न नमिल्ने ।

प्रस्तुत मुद्दामा मिति २०६१।५।२६ का दिन अर्का प्रतिवादी विशेषकुमार यादवको साथबाट कटुवा बन्दुक १ थान र त्यसमा लाग्ने गोली ३ थान बरामद भएको र निजले सो बन्दुक र गोली प्रतिवादी भुवना भन्ने भुवन महतो कोइरीको भएको भनी बयान गरेका हुन् । निजको सो बयान बेहोरा मिसिल संलग्न कुनै पनि ठोस प्रमाणबाट समर्थित भएको देखिँदैन । यस अवस्थामा हातहतियार बरामद भएका प्रतिवादी विशेषकुमार यादवलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा १५(१) र ३(२) को कसुर मा ऐजनको दफा २० को देहाय २ अनुसार रू.१०००।- जरिवाना र म्याद गुजारी बसेका यी प्रतिवादी भुवना भन्ने भुवन महतो कोइरीलाई २ वर्ष कैद र रू. ६०००।- जरिवाना गर्ने गरी भएको फैसला न्यायसङ्गत देखिएन । फौजदारी मुद्दामा म्याद गुजारी बसेका प्रतिवादीको हकमा पनि मिसिल संलग्न सबुद प्रमाणबाट निज दोषी देखिएको खण्डमा निजको कसुरको आधारमा मात्र निजलाई सजाय गर्नुपर्दछ भनी फौजदारी विधिशास्त्रीय मान्यता रहेको छ । सहअभियुक्त विशेषकुमार यादवको पोल बयानबाहेक अन्य कुनै सबुद प्रमाणबाट बरामद भएको हातहतियार प्रतिवादी भुवना भन्ने भुवन महतो कोइरीको रहेको नदेखिँदा जिल्ला प्रशासन कार्यालयको फैसला उल्टी गरी सहअभियुक्त विशेषकुमार यादवलाई भएको सजायसरह नै यी प्रतिवादीलाई सजाय गर्ने गरी भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

तसर्थ, विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी भुवना भन्ने भुवन महतो कोइरीले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ५(१) र ३(२) अनुसार कसुर गरेकोले निजलाई ऐजन ऐनको दफा २० को देहाय २ अनुसार २ वर्ष कैद र रू. ६०००।- जरिवाना हुने ठहर्‍याई भएको फैसला सो हदसम्म बदर गरी प्रतिवादी भुवना भन्ने भुवन महतो कोइरीलाई सोही ऐनको दफा २०(२) अनुसार रू.१०००।- जरिवाना हुने ठहर्‍याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७६ साल वैशाख ३० गते रोज २ शुभम्।

३

स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७०-WO-०९५८, उत्प्रेषण, धनलक्ष्मी न्यौपाने वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत*

निवेदक धनलक्ष्मी न्यौपाने नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विकास तथा समन्वय इकाई कालिकोटको मिति २०७६।१।८ को निर्णयअनुसार आधारभूत / प्राथमिक तहको तृतीय श्रेणी शिक्षक पदमा स्थायी नियुक्ति भएको कुरा निजको कानून व्यवसायीले बहस प्रस्तुत गर्ने क्रममा इजलासलाई जानकारी गराएको तथा सो मितिको निजको नियुक्ति पत्रको प्रतिलिपिसमेत पेस गरेको देखिन्छ। यसरी निज निवेदकले स्थायी नियुक्ति पाउनको लागि प्रस्तुत रिट निवेदन दायर गरी निवेदन विचाराधीन रहेकै अवस्थामा मिति २०७६।१।८ मा स्थायी नियुक्ति भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिन आउने।

तसर्थ, विवेचित आधार, कारणले प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेकोले यसको औचित्यभित्र प्रवेश गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७६ साल जेष्ठ २ गते रोज ५ शुभम्।

इजलास नं.१

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री डम्बरबहादुर शाही, *०७४-WO-०७५५, उत्प्रेषण, भेषबहादुर वन वि. उच्च अदालत विराटनगरसमेत*

प्रस्तुत रिट निवेदनसँग सम्बन्धित मुद्दा हाल सुनसरी जिल्ला अदालतमा विचाराधीन अवस्थामै रहेको छ। उक्त मुद्दामा सबुत प्रमाणको मूल्याङ्कन गरी फैसला हुने अवस्था कायम नै रहेको छ। सोमा चित्त नबुझे वैकल्पिक उपचारको व्यवस्था विद्यमान छँदाछँदै निवेदकले यस अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गरेको देखिन्छ। तायदाती फाँटवारी माग गर्ने विषय मुद्दाको एउटा प्रक्रियागत विषय हो। अंश पाउने दिने प्रयोजनका लागि सामान्यतः अंशबन्डाको २० नं. बमोजिम अंश पाउन सक्ने देखिन आएपछि यो प्रक्रिया अपनाइन्छ। यो आदेश अन्तिम फैसला होइन। अन्तिम फैसला हुँदा अंश पाउने नपाउने, अंश पाउने भए कस-कसबाट पाउने वा कस-कसबाट नपाउने कुन कुन सम्पत्ति बन्डा लाग्ने भन्ने कुराको विश्लेषण हुन्छ। अदालतबाट फैसला भइसकेपछि पनि आफूलाई चित्त नबुझेको कुरामा पुनरावेदनको अधिकार पक्षलाई सुरक्षित रहेको नै हुन्छ। यस्तो सुरक्षित वैकल्पिक अधिकार रहँदारहँदै तायदाती माग गरेको आदेशउपर निवेदक असाधारण अधिकारक्षेत्रअन्तर्गत यस अदालत प्रवेश गरेको देखिन्छ र त्यस्तो आदेशउपर परेको प्रस्तुत निवेदनमा निवेदकको जिकिरबमोजिम गरिदिने हो भने सुरू जिल्ला अदालतमा चलेको अंश मुद्दाको निर्णयमा प्रत्यक्ष असर पर्न जान्छ। माथिल्लो अदालतले तल्लो अदालतमा विचाराधीन कुनै मुद्दालाई असर पार्ने गरी कुनै पनि आदेश जारी गर्नु उपयुक्त नहुने।

नेपालको संविधान, २०७२ को धारा

१३३(२) मा "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने छ।" भन्ने व्यवस्था रहेको छ। यस व्यवस्थाअनुसार जिल्ला अदालतमा विचाराधीन मुद्दाबाट निवेदकको हक हनन भएको वा हकमा अपूरणीय क्षति पुग्न गएको भनी कहीँकतैबाट देखिँदैन। यसरी जिल्ला अदालतबाट निर्णय नै नभई निज निवेदक नेपालको संविधान, २०७२ को धारा १३३ (२) को प्रयोग गरी यस अदालतमा प्रवेश गरेको देखिन्छ। उक्त अंश चलन मुद्दामा बुझ्नुपर्ने प्रमाण बुझी सुरू अदालतबाट ठहर निर्णय हुने नै हुँदा हाल उक्त विचाराधीन रहेको मुद्दाको काम कारबाहीमा असर पर्ने गरी यस अदालतबाट रिट जारी गर्न उपयुक्त हुँदैन। प्रस्तुत मुद्दामा वैकल्पिक उपचारको समाप्ति भएको मान्न मिल्ने देखिएन। वैकल्पिक उपचारको बाटो रहेभएको अवस्थामा उक्त संवैधानिक व्यवस्थाअनुसार रिट क्षेत्राधिकार आकर्षित हुने नदेखिने।

अतः उक्त सामान्य क्षेत्राधिकारअन्तर्गत चलिरहेको मुद्दामा हुने फैसलाउपर पुनरावेदन गर्ने हक सुरक्षित नै हुने भई वैकल्पिक उपचारको पर्याप्तता रहेभएको देखिएको हुँदा रिट निवेदनबाट मातहतको अदालतमा विचाराधीन रहेको मुद्दाको काम कारबाहीमा असर पर्ने गरी रिट जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इतिसंवत् २०७५ साल असोज १० गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०७४-WO-०७५६, उत्प्रेषण, भुपाल वन वि. उच्च अदालत विराटनगर भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री टंकबहादुर मोक्तान, *०६८-CR-१२३२, हाडनाता जबरजस्ती करणी, नेपाल सरकार वि. नारायणप्रसाद कँडेल*

पुनरावेदन अदालत तुलसीपुरबाट प्रतिवादी नारायणप्रसाद कडेललाई जबरजस्ती करणीको उद्योगको कसुरमा पाँच वर्ष कैद सजाय हुने गरी भएको फैसलाउपर प्रतिवादीको तर्फबाट पुनरावेदन परेको अवस्था नदेखिँदा प्रतिवादीको उमेर सम्बन्धमा तथा जबरजस्ती करणीको उद्योगको कसुर कायम भएको हदसम्मको फैसलामा थप विश्लेषण गरिरहनुपर्ने नदेखिने।

वादी नेपाल सरकारको पुनरावेदनतर्फ हेर्दा अभियोग दाबीअनुसार कसुर कायम गरी हाडनाता करणीतर्फसमेत प्रतिवादीलाई थप सजाय हुनुपर्ने भन्नेसमेत मुख्य जिकिर लिएको पाइयो। सो सन्दर्भमा हेर्दा प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयानमा जाहेरवालीले नानी नानी भनी कराएको सुनेपछि आफूले करणी नगरी लुगा लगाउन थालेको भनी उल्लेख गरेको पाइन्छ। अङ्कलले आँटीमा जाउँ नानी भनी हात समातेर लानुभयो र ढोका खोली आँटीमा लगी सुत

नानी भन्नुभयो भन्नेसम्म पीडितको अनुसन्धान अधिकारीसमक्ष गरेको कागजको बेहोरा रहेको पाइन्छ। पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट हाइमन नच्यातिएको, योनिको वरिपरि नसुन्निएको, योनिमा कुनै पनि किसिमको घाउ, चोट तथा चिह्नहरूसमेत नदेखिएको र सङ्कलित स्वाब (swab) मा वीर्य नदेखिएको भनी उल्लेख भएको देखिने।

प्रतिवादीलाई हाडनाता करणीतर्फ थप सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा मुलुकी ऐन, जबरजस्ती करणीको महलको २ नं. अनुसार थप सजाय हुनको लागि हाडनाताकी स्वास्नी मानिसको जबरजस्ती करणी गरेको अर्थात् जबरजस्ती करणीको वारदात भएको ठहरेको हुनुपर्ने देखिने।

जबरजस्ती करणीको उद्योग गरेको कसुरमा उक्त कानूनी व्यवस्थाअनुसार थप सजाय हुन सक्ने देखिँदैन। मुलुकी ऐन, हाडनाता करणीको महलको दफा दफामा उल्लिखित प्रावधानबाट पनि हाडनातामा करणी गरेकोमा करणी गर्नेलाई नाताको प्रकृतिअनुसार सजाय हुने व्यवस्थासम्म रहेको पाइन्छ । तर जबरजस्ती करणीको उद्योग गरेको अवस्थामा थप सजाय हुन सक्ने व्यवस्था रहे भएको देखिन नआउने।

प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्ने उद्योग गरेको ठहर भएकोले उल्लिखित कानूनी व्यवस्थाअनुसार प्रतिवादीलाई थप सजाय हुने देखिन नआएकोले हाडनातामा थप सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पनि मनासिब देखिन नआई सो जिकिरसँग समेत सहमत हुन सकिने अवस्था नरहने।

अतः प्रतिवादी नारायणप्रसाद कडेललाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) र ५ नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम २ वर्ष ६ महिना कैदको सजाय गर्ने गरेको सुरू सल्यान जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(१) र ५ नं. बमोजिम ५(पाँच) वर्ष कैदको सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६८।०७।०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र ६ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री टंकबहादुर मोक्तान, *०७१-CR-०६७४, हाडनातामा जबरजस्ती करणी, नेपाल सरकार वि. रामबहादुर मण्डल*

चस्मदिद गवाह भनिएकी पीडितकी आमासमेतले अदालतमा आई गरिदिएको बकपत्र परस्पर बाझिएको र मौकामा बुझिएकी पार्वतीदेवी सिन्हासमेतको अदालतसमक्षको बकपत्रबाट प्रतिवादीउपरको कसुर सबुद प्रमाणबाट समर्थित हुन नसकेको स्थितिमा केवल जाहेरी दरखास्तकै आधारमा उक्त जाहेरीलाई स्वतन्त्र एवं अकाट्य प्रमाणका रूपमा ग्रहण गरी प्रतिवादीलाई सजाय गर्नु कानून, न्यायका सर्वमान्य सिद्धान्त एवं प्रतिपादित नजिरसमेतको विरूद्ध हुन्छ । यसर्थ, प्रतिवादी अदालतमा आरोपित कसुरमा इन्कार रहेको अवस्था, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन एवं जाहेरवाली पीडित र निजकी आमाले अदालतमा गरेको बकपत्र परस्पर बाझिएको अवस्थासमेतबाट प्रतिवादी रामबहादुर मण्डलले

पीडितलाई जबरजस्ती करणी गरेको भन्न मिल्ने देखिएन । यस स्थितिमा प्रतिवादी रामबहादुर मण्डललाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत दिपायलको फैसला अन्यथा नदेखिँदा प्रतिवादीलाई सजाय कायम गर्ने प्रयोजनका लागि विपक्षीलाई झिकाइपाउँ भन्ने विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ**,** उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादी रामबहादुर मण्डलले पीडित भनिएकी जाहेरवाला नाबालिग परिवर्तित नाम धनगढी A2 लाई जबरजस्ती करणी गरेको देखिने वस्तुनिष्ठ प्रमाण अभियोजन पक्षले पुऱ्याउन नसकेको स्थिति, प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने तथ्य शंकारहित तवरले मिसिल संलग्न कागजातबाट पुष्टि हुन नसकेको अवस्था, पीडितको जाहेरी र निजले अदालतमा गरेको बकपत्रसमेत एक आपसमा बाझिएको स्थिति, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन एवं जबरजस्ती करणीको वारदातलाई पुष्टि गर्ने दशी प्रमाणको अभाव रहेको देखिने प्रस्तुत मुद्दामा प्रतिवादी रामबहादुर मण्डलउपरको कसुर स्वतन्त्र र अकाट्य प्रमाणबाट पुष्टि हुन नसकेको स्थितिमा प्रतिवादी रामबहादुर मण्डललाई आरोपित कसुरमा सफाइ दिने गरी भएको पुनरावेदन अदालत दिपायलको मिति २०७१।५।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल भदौ २७ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-CR-०४६२, आगो लगाएको, नेपाल सरकार वि. मो.कुदुस मियाँसमेत*

प्रत्यर्थी प्रतिवादीहरू अनुसन्धानको क्रममा र अदालतमा आई बयान गर्दासमेत आफूहरूले आरोपित कसुर नगरेको भनी इन्कारी बयान गरेको देखिन्छ । जाहेरवाला र प्रतिवादीहरूको बिचमा कुनै प्रकारको पूर्वरिसइवी रहे भएको मिसिल प्रमाणबाट देखिँदैन । प्रतिवादीहरूले तास खेल्दै गरेको अवस्थामा जाहेरवालाले तास नखेल्न आग्रह गरेकोमा सोही कारणबाट आवेशमा आई प्रतिवादीहरूले यी जाहेरवालाको कुखुरा फर्ममा आगो लगाउने जस्तो गम्भीर अपराध गरेका होलान् भन्न सकिने अवस्था देखिँदैन । यी जाहेरवालाले घटनाको राति हारगुहारपछि प्रतिवादीहरू भागेको भनी उल्लेख गरेकोमा हारगुहारपछि घटनास्थलमा कोही कुनै व्यक्ति उपस्थित भई आगो नियन्त्रणको प्रयास गरेको र जाहेरवालाले चिनेका प्रतिवादीहरूलाई पक्राउ गर्न प्रयास गरेको भन्नेसमेत नदेखिने । जाहेरवालाले यी दुई प्रतिवादीबाहेक अन्य ५।७ जनाको समूह भनी उल्लेख गरेकोमा ती व्यक्ति को को कहाँ कहाँका हुन् भनी उल्लेख गर्न सकेको पाइँदैन । मिति २०७०।८।२ गते राति भएको घटनाका सम्बन्धमा जाहेरवालाले प्रतिवादीहरूबाट क्षतिपूर्ति भरिपाउन र निजहरूलाई कारबाही गरिपाउँ भनी मिति २०७०।९।४ गते मात्र इलाका प्रहरी कार्यालय लहानमा जाहेरी दरखास्त दर्ता गराएको देखिएबाट घटनास्थलनजिक घर भएका प्रतिवादीहरू विरूद्ध जाहेरी दरखास्त दिन लामो समय लगाउने यी जाहेरवालाको जाहेरी कथन विश्वासप्रद देखिएन । प्रतिवादीहरूले आगो लगाउँदै गरेको प्रत्यक्ष देखेको भन्ने यी जाहेरवालाले आफ्नो त्यत्रो धनमाल नष्ट हुन लाग्दा बचाउनतर्फ कुनै प्रयास गरेको बेहोरा

उल्लेख गरेका छैनन् । जाहेरवालाको कथन प्रमाणमा ग्रहण गर्न सो कथनलाई विश्वास गर्न सकिने आधार र अवस्था हुनुपर्दछ । यी जाहेरवाला नै घटनाका प्रत्यक्षदर्शी थिए भनेर आरोपित गर्नु मात्रै कसुरदार कायम गर्ने आधार बन्न सक्दैन । जाहेरवालाले आफूले यी प्रतिवादीहरूले आगो लगाएको देखेको हुँ भनी उल्लेख गरे पनि घटना भएको एक महिनापछि मात्र जाहेरी दर्ता गराउनुको विश्वसनीय आधार, कारण उल्लेख गर्न सकेको नदेखिने ।

तसर्थ, मिति २०७०।८।२ मा भएको घटनाको एक महिनापछि मात्र जाहेरी परेको देखिएको, प्रत्यर्थी प्रतिवादीहरू अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत अरोपित कसुरमा इन्कार रहेका, जाहेरवालाले आफूले रातको समयमा तास नखेलसम्म भनेको रिसइवीले मात्र प्रतिवादीहरूले आगो लगाएको भनेका र सोबाहेक जाहेरवाला र प्रतिवादीबिच मनमुटाव रिसइवी रहे भएको नदेखिएको हुँदा जाहेरवालाबाहेक अन्य प्रत्यक्षदर्शी नभएको अवस्थामा जाहेरवालाको कथन मात्रलाई विश्वसनीय प्रमाण मानी प्रतिवादीहरूलाई आरोपित कसुरमा सजाय हुने भनी ठहराउनु न्यायोचित नहुने भई प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: मिसिल संलग्न आधार, प्रमाणको विवेचना गरी सुरू सिराहा जिल्ला अदालतबाट मिति २०७१।६।२६ मा भएको फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहराएको पुनरावेदन अदालत राजविराजको मिति २०७२।१२।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: तारादत्त बडु / हीरा डंगोल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७५ साल भदौ ६ गते रोज ४ शुभम् ।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा, ०७६-WH-०१३३, बन्दीप्रत्यक्षीकरण, मुकेशबाबु वाग्ले वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबारसमेत

बन्दीप्रत्यक्षीकरणको आदेश मानव अधिकारसँग सम्बन्धित विषयवस्तु हो । नेपाल विभिन्न मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र हो । महासन्धिको पक्ष राष्ट्र भएको कारणबाट नेपालले उक्त महासन्धिमा भएको व्यवस्थाहरू कार्यान्वयन गर्नु आफ्नो दायित्वभित्र नै पर्दछ । *Universal Declaration On Human Right (UDHR) को धारा १९ मा Everyone has the right to freedom of opinion and expression; this right includes freedom to hold opinions without interference and to seek, receive and impart information and ideas through any media and regardless of frontiers* भन्ने व्यवस्था रहेको देखिन्छ । यसैगरी *International Covenant on Civil And Political Right (ICCPR) को धारा १९(१) ले पनि Everyone shall have the right to hold opinions without interference* भन्ने व्यवस्था रहेको छ । यसरी अन्तर्राष्ट्रिय दस्ताबेजले नै *right to hold opinion* भन्ने अधिकारको व्यवस्था रहेकोमा कुनै पनि व्यक्तिले आफूले चाहेको विचार र आस्था राख्न सक्छ । यदि कुनै व्यक्तिलाई विचार र

अभिव्यक्तिको स्वतन्त्रता नदिने हो सो कार्य मानव अधिकारको उल्लङ्घन हुन जान्छ । उक्त मानव अधिकारका अन्तर्राष्ट्रिय महासन्धिमा भएका व्यवस्थाहरूलाई प्रचलित नेपालको संविधानको धारा १७ ले समेत आत्मसात् गरेको छ। नेपालको संविधानको धारा १७ ले कानूनबमोजिम कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित नगरिने कुराको प्रत्याभूति गर्दै व्यक्तिका विभिन्न प्रकारका स्वतन्त्रताहरू जस्तै विचार र अभिव्यक्ति, विना हातहतियार शान्तिपूर्वक भेला हुने, राजनीतिक दल खोल्ने, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने, पेसा, रोजगार उद्योग, व्यापार, व्यवसाय गर्नेलगायतका स्वतन्त्रताको प्रत्याभूति गरिदिएको छ । यसरी अन्तर्राष्ट्रिय दस्ताबेज र संविधानले प्रत्याभूत गरेको व्यवस्थाबाट कुनै पनि नागरिकलाई वञ्चित गर्न नमिल्ने।

नेपालको संविधानले वैयक्ति हक, स्वतन्त्रताको हक, यातना विरूद्धको हक एवं न्यायको हकलगायतका मौलिक हकहरूलाई विशिष्ट स्थान प्रदान गरेको देखिन्छ । कुनै पनि व्यक्तिलाई मनासिब आधार र कारणबिना बन्दी बनाउन नहुने र कुनै अभियुक्तलाई उसको अभियोग प्रमाणित नभएसम्म निज निर्दोष रहेको मानिने, अभियुक्तलाई आफू विरूद्धको अभियोगमा सफाइ पेस गर्न उचित मौका दिनुपर्नेलगायतका कुराहरू फौजदारी न्यायका प्रचलित मान्य सिद्धान्त हुन्। सोही कुराको मनन गरी नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता प्रदान गरेको छ। साथै संविधानको धारा १८ ले कानूनको दृष्टिमा सबै समान हुने, कानूनको समान संरक्षणबाट कसैलाई वञ्चित नगरिने र ऐ. संविधानको धारा २० ले कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनामा नराखिने र धारा २२ ले थुनामा रहेको व्यक्तिलाई शारिरिक वा मानसिक यातना दिन नहुने कुराको संवैधानिक प्रत्याभूति गर्दै नागरिकको मौलिक हकउपरका गैरकानूनी क्रियाकलापका विरूद्ध संवैधानिक उपचारको हकको समेत सुनिश्चितता धारा ४६ ले प्रदान गरेको छ । यसै गरी संविधानको धारा १३३ ले मौलिक हकको प्रचलनका निम्ति सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरेको छ भने सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा बदनियत, प्रवृत्त भावना लिई कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा र प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिने।

उल्लिखित कानूनी व्यवस्थाको रोहबाट हेर्दा, कानूनबमोजिम बाहेक कसैको पनि वैयक्तिक स्वतन्त्रता हनन गर्नु हुँदैन सो कार्य कानूनी राज्यमा शोभनीय कार्य मान्न पनि सकिँदैन । कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी विनाआधार, कारण कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन गर्ने अधिकार संविधान र कानूनले कसैलाई प्रदान गरेको छैन । प्रस्तुत सन्दर्भमा यी निवेदकउपर लागेको अभियोग एकातिर निजलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने प्रकृतिको देखिएको छैन भने अर्कोतिर उचित एवं पर्याप्त आधार र कारणविना नै निजको हकमा पटकपटक म्याद थप गर्ने गरी भएका विपक्षीहरूका कार्यहरू कानूनसङ्गत देखिँदैन । निवेदक बन्दीले प्रहरी कर्मचारीलाई अभद्र व्यवहार,

गाली गलौज गरेकोले अभद्र व्यवहारको कसुरमा अनुसन्धानको क्रममा निजलाई थुनामा राखेको भन्ने विपक्षीहरूको जिकिर रहेको देखिए तापनि निवेदकहरूलाई जुन अभियोगको सम्बन्धमा मुद्दा अनुसन्धानको लागि भनी म्याद थपको माग गरिएको छ त्यसमा स्पष्ट आधार र कारण उल्लेख भएको नदेखिने।

यसै सम्बन्धमा ***"संविधान र प्रचलित कानूनबमोजिम राज्य सञ्चालनको व्यवस्थाले मात्र कानूनी राज्यको स्थापना र प्रवर्द्धनमा सहयोग पुग्ने हुन्छ। सार्वजनिक अधिकारप्राप्त निकाय वा पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा नगर्दा कानूनको परिधिभित्र रहेर कानूनबमोजिम गरेमा मात्र कानूनको शासन स्थापित गर्न मद्दत पुग्ने। कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी बिनाआधार र कारण व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन गर्ने अधिकार संविधान र कानूनले कसैलाई पनि प्रदान गरेको छैन। व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण गर्दा संवेदनशील हुनुपर्ने।"*** (ने.का.प.२०७५, अङ्क ५, नि.नं.१००२०) शारदा पाण्डे विरूद्ध नेपाल सरकार गृह मन्त्रालयसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत सिद्धान्त यस रिट निवेदनका सन्दर्भमा पनि आकर्षित र सान्दर्भिक देखिन आउने।

उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका रोहबाट हेर्दा निवेदक कृष्णप्रसाद वाग्लेलाई बिनाआधार र कारण पटकपटक पक्राउ गर्ने कार्यलाई कानूनसम्मत मान्न मिल्ने अवस्था देखिएन। निजलाई विपक्षीहरूले बिनाआधार र कारण केवल फरक आस्था र विचार राखेको आधारमा प्रवृत्त भावना राखी गैरकानूनी रूपमा हिरासतमा राखेको देखिएको अवस्थामा मुद्दा हेर्ने अधिकारीले विधिसम्मत पक्राउ गरी हिरासतमा राखिएको भन्ने विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः वस्तुनिष्ठ आधार र कारणविना निवेदकहरूलाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य न्यायिक दृष्टिकोणबाट औचित्यपूर्ण नदेखिएको र निवेदकहरूलाई थुनामा राख्ने विपक्षीहरूको कार्य कानूनबमोजिमको नदेखिँदा निवेदन मागबमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

इतिसंवत् २०७६ साल कार्तिक २६ गते रोज ३ शुभम्।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा, *०६७-CI-०७८३, निर्णय बदर हक कायम, चण्डिका राजोपाध्याय वि. गोविन्दप्रसाद चालिसे*

दाबीको कित्ताको लगत भिडेको छैन भन्ने जिकिरतर्फ हेर्दा सर्भे नापीको समयमा नै गोविन्दप्रसाद चालिसेको नाममा नापी भई फिल्डबुक तथा जग्गाधनी दर्ता स्रेस्ता तयार भई जग्गाधनी प्रमाण पुर्जा दिएको छ। उक्त कि.नं. ४४९ को २-१३-१-० जग्गाको फिल्डबुकको कैफियतमा १४ नं. मौजे सुवर्णपुर सा.ल.नं.८४२, ८४२ बाट भिडी दर्ता भनी उल्लेख भएको देखिएको अवस्थामा लगत भिडाउन चिह्न लगाउन छुटेको मात्र कारणले उक्त सर्भे नापीका बखत दर्ता भएको जग्गालाई लगत भिडेको छैन भनी भन्न नसकिने।

मोहीले कृष्णहरिको जग्गा भनी निवेदन दिई कुत बुझेको भरपाईसमेत पेस गरेकोमा सोको मूल्याङ्कन भएन भन्ने जिकिरतर्फ हेर्दा उक्त जग्गा सर्भे नापी भएका बखत जग्गाधनी गोविन्दप्रसाद चालिसे र मोही विष्णुबहादुर कर्मीसमेत उपस्थित भएको देखिन्छ । जग्गा नापी गरी तयार गरेको कि.नं.४४९ को २-१३-१-० जग्गाको फिल्डबुकको किसानको बेहोरामा मोही विकुबहादुर कर्मीले यो जग्गा कुतमा जोती आएको छ । यो जग्गा गोविन्दप्रसादको ठहर भन्ने बेहोरा लेखी सहीछाप गरेको देखिन्छ । उक्त जग्गाको फिल्डबुकमा जग्गावाला गोविन्दप्रसाद चालिसे र मोही विकुबहादुर कर्मी उल्लेख भएको छ । फिल्डबुकमा लेखिएको बेहोरा अन्यथा मान्न सोसम्बन्धी मुद्दा परी अदालतले निर्णय गर्नुपर्दछ । अदालत आफैँले विवाद ल्याउने होइन । फिल्डबुकमा जग्गाधनी र मोही दुवै पक्ष उपस्थित भई सहीछाप गरेको छ । दुवै पक्षले सहीछाप गरी विधिवत् रूपमा खडा भएको फिल्डबुकको बेहोरा बदर नभई कायम रहेको अवस्थामा मोहीले पछाडि लेखाएको बेहोरालाई प्रमाणमा लिन मिल्ने नदेखिने ।

मिति २०४८।०५।३० मा भएको जग्गा दर्ताको बदरतर्फ दाबी नै नरहेको भन्ने जिकिरतर्फ हेर्दा सुरू दर्ता रहेको जग्गा कानूनसम्मत रहिरहेको अवस्थामा सोही जग्गाको विषयमा सो पछाडि भएका दर्ताहरू स्वतः बदर हुने भएकोले मिति २०४८।०५।३० मा भएको दर्ता बदरतर्फ दाबी नलिएको मात्र आधारमा मात्र जेठो दर्ताले कानूनी मान्यता पाउँदैन भन्न नमिल्ने ।

पुनरावेदकका कानून व्यवसायीले बहसको क्रममा कि.नं.४४९ को २-१३-१-० जग्गाको फिल्डबुकमा ०२३।९।५ लेखिसकेपछि गोविन्दप्रसाद चालिसेको ठहर भनी अलग लिपिका साथ संदिग्ध बेहोरा लेखिएको भनी उठाएको प्रश्नका सम्बन्धमा सक्कल फिल्डबुक हेर्दा फिल्डबुकमा लेखिएको मसी र (टाँका) कलम फरक छ तर सोही महलको तल माथि अन्य कित्ताको बेहोरामा समेत मसी र टाँका फरक पारी बेहोरा उल्लेख गरेको देखिन्छ । उक्त कि.नं.४४९ को २-१३-१-० जग्गाको फिल्डबुकको किसानको बेहोरामा उल्लेख भएको ०२३।९।५ लेखिसकेपछि गोविन्दप्रसाद चालिसेको ठहर भनी अलग लिपिका साथ लेखिएको भन्ने बेहोरालाई पछि थप गरेका हुन् भनी भन्न मिल्ने अवस्था देखिएन । सो कुराको कतैबाट पुष्टि पनि नहुने ।

दाबीको भक्तपुर जिल्ला कटुन्जे ६(ख) कि.नं.४४९ को २-१३-१-० जग्गाको सर्भे नापीको समयमा जग्गाधनी गोविन्दप्रसाद र मोही विकुबहादुर कर्मी भनी उल्लेख भई किसानको बेहोरामा गोविन्दप्रसादको ठहर भनी उल्लेख भई कैफियतमा १४ नं. मौजे सुवर्णपुर सा.ल.नं.८४२, ८४२ बाट भिडी दर्ता भनी उल्लेख भएको देखिएबाट उक्त जग्गा दर्ता गर्दा लगत भिडाई दर्ता गरेको देखिन्छ । २०२३ सालमा नै दर्ता भइसकेको एउटै जग्गा पुनः २०४८ सालमा आएर दर्ता हुन सक्ने देखिँदैन । साबिकको दर्ता कायम रहिरहेको अवस्थामा सोही जग्गाको सम्बन्धमा नयाँ दर्ताले मान्यता पाउँछ भन्न मिल्दैन । २०२३ सालमा नै नापनक्सा भई जग्गाको स्रेस्ता पुर्जासमेत तयार भएको अवस्थामा प्रतिवादीले सोही समयमा उजुर गर्नुपर्नेमा सो गरेको नदेखिएको र उक्त जग्गा पुनः २०४८।५।३० मा दर्ता भएको देखिएको अवस्थामा जेठो दर्ताले कानूनी मान्यता पाउने हुन्छ । जेठो दर्ताले कानूनी

मान्यता पाउने भएकोले सोहीबमोजिम दाबीको कि.नं. ४४९ को २-१३-१-० जग्गामा वादी गोविन्दप्रसाद चालिसेको हक कायम हुने हुँदा उक्त जग्गामा हक कायम गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न सक्ने अवस्था नहुँदा पुनरावेदन जिकिर र पुनरावेदकका कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, दाबीको कि.नं.४४९ को २-१३-१-० जग्गामा हक कायम गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भक्तपुर जिल्ला अदालतबाट मिति २०६४।०३।२० गते भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६६।०६।२६ मा भएको फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृत: राजकुमार दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल भाद्र २ गते रोज २ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, ०७१-CR-००२०, अपहरण शरीर बन्धक, नेपाल सरकार वि. राज भन्ने ठाकुरबहादुर वि.क.

प्रत्यर्थी / प्रतिवादी ठाकुरबहादुर वि.क. ले अदालतमा बयान गर्दा मेरो श्रीमती सुनिता वि.क. यी जाहेरवालासँग कोठा बन्द गरी होटलमा गफ गरेर बसेको देखी छलफल भएको हो कुनै नगद वा जिन्सी लिएको होइन भनी अभियोग दाबीमा इन्कार रहे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष जाहेरवालालाई अपहरण गरी फिरौती रकम माग गर्ने उद्देश्यले बन्धक बनाई रू.२ लाख रकम दिने सहमतिमा निजको मोटरसाइकल आफैँ राखेको भनी बयान गरेको देखिन्छ । जाहेरवालाको ग.५ प ६९६९ को मोटरसाइकल प्रहरीले आफ्नै साथबाट बरामद गरेको कुरामा यी प्रतिवादी अदालतमा साबिती नै भएको पाइने।

मिसिल संलग्न जाहेरी बेहोरा, सन्तोषी होटलका सञ्चालकको कागज, प्रतिवादीको मौका र अदालतसमक्षको बयान कागज, जाहेरवालाको मोटरसाइकल प्रतिवादीबाट जफत भएको भन्ने प्रतिवेदनलगायतका प्रमाणहरूबाट यी प्रत्यर्थी प्रतिवादीले पीडित जाहेरवालालाई बल प्रयोग गरी धम्की दिई, डर त्रास देखाई, यातायातको साधन कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराई फिरौती रकम माग गरेको र निज पीडितले आफूसँग रकम नभएकोले दिने सर्तमा त्यहाँबाट भाग्न सफल भई जाहेरी दिएको देखिन आयो। यसबाट यी प्रत्यर्थी प्रतिवादीको आपराधिक मनसायले पूर्णता पाएको नदेखिने।

उच्च अदालतबाट उक्त कसुरको उद्योग ठहर गरी भएको फैसला मिले नमिलेको के छ ? भनी विचार गर्दा मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ५ नं. मा “कुनै व्यक्तिले यस महलमा लेखिएको कसुर गरी नसकेको सो कुराको उद्योगसम्म गरेको भए त्यस्तो व्यक्तिलाई सो कसुरमा हुने सजायको आधा सजाय गर्नुपर्छ” भन्ने व्यवस्था रहेको पाइन्छ । त्यसैगरी “कसैले कुनै रकम माग गरी त्यस्तो रकम नदिएमा अपहरण गर्ने वा शरीर बन्धक लिने धम्की दिएमा निजलाई उद्योग गर्ने व्यक्तिसरह सजाय गर्नुपर्छ” भनी सोही महलको ६ नं. मा उल्लेख भएको पाइयो । यसप्रकार अपहरणको कार्य भइसकेको

अवस्थामा मात्र वादी नेपाल सरकारको अभियोग दाबीबमोजिमको सजाय गर्न सकिने देखिन्छ तर प्रस्तुत मुद्दामा यी प्रतिवादीले जुन किसिमको मनसाय लिएर वारदातमा संलग्न भएको देखिन्छ त्यो मनसाय पूरा भएको पाइँदैन। यसरी आपराधिक मनसायले गरेको वारदातमा मनसायले नै पूर्णता नपाएको अवस्थामा पूर्ण अपराध कायम गर्न मिलेन। यस्तो अवस्थामा उक्त वारदात उद्योग नै ठहर्ने देखिने।

उक्त वारदातमा अन्य व्यक्तिहरू पनि संलग्न रहेको भनी जाहेरवालाले अनुसन्धान र अदालतमा बकपत्र गरेको, अभियोगपत्रमा सो बेहोरा उल्लेख भएको साथै पुनरावेदन जिकिरसमेत रहेकोमा अन्य प्रतिवादीहरू तत्काल पक्राउ पर्न सकेको देखिँदैन। अभियोजन पक्षले पनि सो घटनामा संलग्न रहका अन्य प्रतिवादीहरूको वास्तविक नाम, थर, वतन हालसम्म खुलेको नदेखिएको निजको हकमा पछि खुली आएमा वा पक्राउ परिआएका बखत कानूनबमोजिम गरिने भनी मुद्दा तामेलीमा रहेको देखिन्छ। यस्तो अवस्थामा यी प्रतिवादी राज भन्ने ठाकुरबहादुर वि.क. उपर मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. को अभियोग दाबी लिई दुईभन्दा बढी व्यक्ति अपराधमा संलग्न रहेको भनी मान्न मिल्ने नदेखिँदा वादी नेपाल सरकारको सो हदसम्मको अभियोग दाबीसमेत मिल्ने देखिएन। तसर्थ, पुनरावेदन अदालत पोखराको फैसलालाई अन्यथा मान्न सकिएन। वादी नेपाल सरकारको पुनरावेदन तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिर र यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएका आधार र कारणहरूसँग समेत सहमत हुन नसकिने।

अतः उल्लिखित आधार, प्रमाण र कारणबाट वादी दाबी पुग्न नसक्ने भनी भएको जिल्ला अदालतको फैसला उल्टी भई प्रतिवादीले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ६ नं. अनुसार उद्योग गर्ने कसुरसम्म गरेकोले उक्त ऐनको ५ नं. अनुसार ३ १/२ वर्ष (तीन वर्ष छ महिना) कैद र रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) जरिवानासमेत हुने ठहर गरी पुनरावेदन अदालत पोखराबाट मिति २०७०।१२।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इतिसंवत् २०७६ साल कार्तिक १५ गते रोज ६ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, ०७१-CR-०६००, हातहतियार खरखजाना, नेपाल सरकार वि. जोगेन्द्र महतोसमेत

वस्तुतः फौजदारी मुद्दामा प्रतिवादीउपरको अभियोग दाबी प्रमाणित गर्ने भार वादी पक्षमा निहित रहने हुन्छ। प्रस्तुत मुद्दामा वादी पक्षले प्रत्यर्थी, प्रतिवादीहरूउपरको अभियोग दाबी शंकारहित तवरले पुष्टि गर्न सकेको भन्ने देखिन नआएकोले अभियोग दाबीबाट प्रत्यर्थी, प्रतिवादीहरू रामएकवाल पासमान, जाहिर मियाँ, जोगेन्द्र महतो र राजकुमार महतोले सफाइ पाउने ठहऱ्याई भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादी चन्दर भन्ने रामचन्द्र महतोको हकमा सुरूले फरार रही कसुर स्वीकार गरी बसेको भनी निजलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(३) बमोजिम कैद वर्ष ३ र रू.२०,०००।- जरिवाना गर्ने गरेको फैसला पुनरावेदन अदालत राजविराजबाट मुलुकी ऐन,

अ.बं. २०५ नं को कानूनी व्यवस्थालाई व्याख्या गरी निजलाई सफाइ दिएको पाइयो । उक्त मुलुकी ऐन, अ.बं. २०५ नं. हेर्दा *"एकै मुद्दामा हार्ने झगडियामध्ये कसैको पुनरावेदन उजुर परेकोबारे जाँचिदा इन्साफ वा सजाय उल्टिने भई सो इन्साफ सजाय उल्टिन जाने भयो भने त्यस्तोमा पुनरावेदन उजुर परेको छैन भनी सदर गरिदिन हुँदैन । पुनरावेदन उजुर नदिनेका हकमा समेत पुनरावेदन उजुर दिनेसरह उल्टाई छिनीदिनुपर्छ ।"* भन्ने कानूनी प्रावधान रहेको पाइन्छ । यसरी उक्त कानूनी व्यवस्था पुनरावेदन नगर्ने प्रतिवादी जोगेन्द्र महतो अनुसन्धान र सुरू मुद्दा हेर्ने अधिकारीसमक्ष आरोपित कसुरमा इन्कार रहेको र निजको साथबाट उक्त हतियारहरू बरामदसमेत नभएको अवस्थामा निजका हकमा मात्र सान्दर्भिक देखिने ।

अर्का प्रतिवादी रामचन्द्र महतोको हकमा प्रतिवादी राजकुमार महतोको उपस्थितिमा निज राजकुमारको गोठमा खानतलासी गर्दा हातहतियार खरखजाना निजकै गोठबाट बरामद भएकोमा उक्त बरामदित हतियार खरखजाना निजकै दाजु यी प्रतिवादी चन्दर भन्ने रामचन्द्र महतोले १ महिनाअघि ल्याई लुकाई छिपाएको देखेको हुँ भनी अनुसन्धान र सुरू मुद्दा हेर्ने अधिकारीसमक्षको बयानमा व्यक्त गरेको पाइन्छ । निज प्रतिवादी रामचन्द्र महतोको घर दैलोमा रीतपूर्वकको म्याद तामेली भएको देखिन्छ तर निजले आफूउपरको आरोपित कसुरलाई अनुसन्धान वा मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित भई अन्यथा प्रमाणित गर्नुपर्नेमा सो नगरी न्यायिक प्रक्रियालाई असहयोग गरी फरार भई निजउपरको आरोपित कसुरलाई स्वीकार गरेको देखिन आयो । पुनरावेदन अदालतबाट मुलुकी ऐन, अ.बं. २०५ नं. को कानूनी व्यवस्था यी प्रतिवादी रामचन्द्र महतोको हकमा पनि लागु हुने भनी भने तापनि निजको हकमा के कति कारणले उक्त कानूनी व्यवस्था लागु हुने हो सोको पुष्टि र विश्लेषण गरी फैसला गरेको देखिएन । यसरी सुरूदेखि नै फरार रही म्यादसमेत गुजारेर आरोपित कसुरलाई स्वीकार गरी बसेको अवस्थामा यी प्रतिवादी चन्दर भन्ने रामचन्द्र महतोलाई मुलुकी ऐन, अ.बं. २०५ नं. को कानूनी व्यवस्था आकर्षित हुने भनी पुनरावेदन अदालतले सफाइ दिने गरी भएको फैसला उक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा सहमत हुन नसकिने ।

तसर्थ, वादीले अभियोग दाबी पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादीहरूलाई कसुरदार कायम गर्ने गरी भएको जिल्ला प्रशासन कार्यालय सिराहाको फैसला नमिलेकोले उल्टी भई प्रतिवादीहरू रामएकवाल पासमान, जाहिर मियाँ, जोगेन्द्र महतो र राजकुमार महतोले सफाइ पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत राजविराजको मिति २०७०।०७।११ को फैसला मिलेको देखिँदा सदर हुने र मुलुकी ऐन, अ.बं. २०५ नं. बमोजिम प्रतिवादी रामचन्द्र महतोसमेतले सफाइ पाउने ठहर्‍याई भएको फैसलाको हकसम्म उक्त फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी चन्दर भन्ने रामचन्द्र महतोलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(३) बमोजिम कैद वर्ष ३ (तीन) र जरिवाना रू.२०,०००।- (बिस हजार) हुने ।

इजलास अधिकृत: नबिन आचार्य

इति संवत् २०७६ साल कार्तिक १५ गते रोज ६ शुभम् ।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७१-CI-०८४५, मोही

दर्ता नामसारी, राजेश्वरप्रसाद साह वि. फुदनीवति थरूनीसमेत

मिसिल संलग्न भूमि सुधार कार्यालय सप्तरीमा हरिप्रसाद साह सुडीले मुद्दा खारेज गरिपाउँ भनी दिएको मि.नं. २७५३ को मोही दर्ता नामसारी मुद्दामा गाउँ ब्लक नं. १९९ को ०-१८-१० जग्गाको मोही दर्ता नामसारीको माग दाबी गर्नुपर्नेमा ब्लक नं. २०१ को साबिक कित्ता नं. १०८२ को ०–१३–१४ जग्गाको माग दाबी लिएको भनी उल्लेख गरेको पाइन्छ । यसरी हिरालालको छोरा हरिप्रसाद साह सुडी एकासगोलमा रहे भएको मान्नुपर्ने हुन्छ। यस्तो अवस्थामा दोस्रो पुस्ताका वादी राजेश्वर चौधरीले कित्ता सच्चाई प्रस्तुत मुद्दा दायर गरेको देखिन आउँछ । मोहीको हक जग्गा कमाउने व्यक्तिले कानूनले तोकेको सर्तहरू पालन गरी पूरा गरेको अवस्थामा मात्र प्राप्त हुने हक हो । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ अनुसार मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने कानूनी व्यवस्था भएकोले वादीको पिताको मोही हक कायम भइसकेको अवस्थामा जग्गाधनीले पत्याएमा निजको नाममा नामसारी हुने हो । वादीका बाजे बाबुले नै मोही हक दाबी गरी हक प्राप्त नगरेको मोही हक स्वर्गीय बाजे बाबुको नाममा कायम गराई आफ्ना नाममा नामसारी गराइपाउँ भनी दाबी लिने हक भूमिसम्बन्धी ऐन, २०२१ ले यी वादीलाई प्रदान गरेको देखिँदैन । यस सम्बन्धमा सर्वोच्च अदालतबाट "*मोहीको हक जग्गा कमाउने व्यक्तिले कानूनले तोकेको सर्तहरू पालन गरी पूरा गरेको अवस्थामा मात्र प्राप्त हुने हक हो । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ अनुसार मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, बाबु, धर्मपुत्र आदिमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने कानूनी व्यवस्था भएकोले वादीको पिताको मोही हक कायम भइसकेको अवस्थामा जग्गाधनीले पत्याएमा निजको नाममा नामसारी हुने हो । निजका बाबुले नै मोही हक दाबी गरी हक प्राप्त नगरेको मोही हक स्वर्गीय पिताको नाममा कायम गराई आफ्ना नाममा नामसारी गराइपाउँ भनी भन्नलाई भूमिसम्बन्धी ऐन, २०२१ ले वादीलाई त्यस्तो हक प्रदान गरेको नदेखिने । वादीका बाबुले नै आफ्नो नाममा मोहियानी हक कायम नगराएको अवस्थामा बाबुको मृत्युपछि मृतक व्यक्तिलाई मोही कायम गरी वादीका नाउँमा नामसारी गरी मोही दर्ता गरी दिने अवस्था देखिन नआउने*" भनी ने.का.प. २०७५, अङ्क ६, नि.नं. १००२९ मा व्याख्या भएको छ । यसरी वादीका बाबु बाजेले नै आफ्नो नाममा मोहियानी हक कायम नगराएको अवस्थामा बाबु बाजेको मृत्युपछि मृतक व्यक्तिलाई मोही कायम गरी यी वादीका नाउँमा नामसारी गरी मोही दर्ता गरिदिने अवस्था नदेखिने ।

यस्तै विवादको जग्गा गाउँब्लकभित्रको घरबारीको जग्गा हो भन्ने कुरामा वादी प्रतिवादीबिचमा विवाद देखिँदैन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ को उपदफा ५ अनुसार घरबारीको जग्गा कमाएको व्यक्तिलाई मोहीको हक हुने छैन भन्नेसमेत उल्लेख गरेको पाइन्छ । उक्त कानूनी व्यवस्थासमेतबाट पनि यी पुनरावेदक वादीको बाबु बाजेलाई मोही कायम गरी यी वादीका

नाउँमा नामसारी गरी मोही दर्ता गरिदिने अवस्था देखिन नआउने।

अतः उल्लिखित आधार, कारण, नजिर र कानूनी व्यवस्थाका आधारमा वादी दाबीबमोजिम विवादको जग्गाको मोही दर्ता गरी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोही नामसारीसमेत हुने ठहर गरेको सुरू फैसला मिलेको नदेखिँदा वादी दाबी नपुग्ने भनी उल्टी हुने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।११।१२ भएको फैसला सदर हुने।

इजलास अधिकृत : नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल कार्तिक १४ गते रोज ५ शुभम्।

- यसमा यसै लगाउको ०७१-CI-०८४४, ०७१-CI-१३३१, जग्गा खिचोला मेटाई घर उठाई चलन चलाइपाऊँ, हरिप्रसाद साह सुडीसमेत वि. फुदनीवती थरूनीसमेत, फुदनीवती थरूनीसमेत वि. हरिप्रसाद साह सुडीसमेत यसैअनुसार फैसला भएको।

इजलास नं.२

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७०-WO-०१४३, उत्प्रेषण / परमादेश, दानबहादुर सिंजाली मगर वि. चमेलिया जलविद्युत् आयोजनासमेत*

जग्गा प्राप्ति ऐन, २०३४ को दफा १६ (२) मा मुआब्जा निर्धारण गर्दा विचार राख्नुपर्ने कुराहरू (क) जग्गा प्राप्त गर्ने सूचना प्रकाशित गर्दाको समयमा प्रचलित जग्गाको मोल, (ख) जग्गामा लागेको बाली तथा घर, पर्खाल, टहरो आदिसहित जग्गा प्राप्त गरेकोमा त्यसको मोल, (ग) जग्गा प्राप्त गरेको कारणले सरोकारवाला व्यक्तिले आफ्नो बसोबास वा कारोबारको ठाउँ अन्यत्र सार्नु परेबाट बेहोर्नुपरेको नोक्सानीसमेतको निर्धारण गरेर जग्गाको मुआब्जा दिएर जग्गा अधिग्रहण गर्नुपर्ने व्यवस्था गरेकोमा ती आधार अवस्थासमेतको विश्लेषण नगरी हचुवा किसिमले मुआब्जा निर्धारण समितिले गरेको निर्णयलाई औचित्यपूर्ण मान्न सकिने अवस्था नदेखिने।

निवेदकको हकभोगमा रहेको जग्गामा विद्युत्को हाइटेन्सन टावर निर्माण गर्दा टावरले के कति जग्गा आवाद गर्न नमिल्ने हुन्छ ? हाइटेन्सन तारबाट प्रसारण हुने विद्युतीय शक्तिबाट सो जग्गाको भोगचलनमा के कस्तो असर पर्न सक्छ ? टावर निर्माण स्थलको स्थलगत निरीक्षण गरी सो सम्बन्धमा समेत यथोचित विश्लेषण गरी मुआब्जा निर्धारण गर्नुपर्नेमा सो केही नगरी रोपनीको ९० हजार मुआब्जा निर्धारण गर्ने भनी मुआब्जा निर्धारण समितिबाट भएको निर्णयमा पारदर्शिता देखिन नआएकोले यी निवेदक दानबहादुर सिंजाली मगरको हकमा विपक्षीहरूद्वारा भएको मुआब्जा निर्धारणको कार्य उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। निवेदकको जग्गामा निर्माण हुने भएको विद्युत्को हाइटेन्सन लाइनबाट के कति जग्गा आवाद गर्न नमिल्ने हो ? सो जग्गाको प्रचलित मूल्य कति हो ? कति जग्गा अधिग्रहण गर्नुपर्ने सम्बन्धमा स्थलगत निरीक्षण गरी न्यायोचित एवम् पारदर्शी प्रक्रियाबाट पुनः मूल्य निर्धारण गरी मुआब्जा उपलब्ध गराउनु भनी विपक्षीहरूको नाउँमा

परमादेशको आदेशसमेत जारी हुने।

निवेदकले आफ्नो जग्गामा गाडिएको हाइटेन्सनको पोल टावर अन्यत्र सार्नु भन्ने आदेश गरिपाउँ भनी माग गरेको देखिए पनि निवेदन बेहोराबाटै टावरको जग निर्माण भइसकेको भन्ने देखिएको र नक्साङ्कन भई विद्युत् प्रसारणको लागि टावर निर्माण भइसकेको हुँदा अन्यत्र सार्ने कार्य उपयुक्त नहुने हुँदा त्यसतर्फको निवेदकको मागसँग सहमत हुन नसकिने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर *:* प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ ६ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७२-CR-०९६६, लागु औषध (खैरो हिरोइन), निमा शेर्पा वि. नेपाल सरकार*

प्रतिवादी निमा शेर्पाको साथबाट ४० ग्राम खैरो हिरोइन बरामद भएको बरामदी मुचुल्का रहेछ । आफ्नो साथमा रहेको लागु औषधको बिक्री मूल्य र बिक्री गर्ने व्यक्तिको नामसमेत खुलाएर उनीहरूकै सरसल्लाहअनुसार आफूले रक्सौलबाट राजेश भैया भन्ने व्यक्तिसँग उक्त लागु औषध खरिद गरी ल्याएको कुरा खुलाई प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको पाइयो । प्रहरी सहायक निरीक्षक लोकेन्द्रबहादुर रावलले ४० ग्राम खैरो हेरोइन मसमेतको रोहबरमा बरामद भएको भनी बकपत्र गरेको देखियो। यसरी प्रतिवादीको मौकाको बयान बरामदी मुचुल्का र बरामदी मुचुल्काको काम तामेल गर्ने प्रहरी सहायक निरीक्षकको बकपत्रसमेतबाट समर्थित भएको पाइयो । प्रतिवादीले आफू लागु औषध सेवनकर्तासम्म भएको भनी अदालतमा बयान गरेको देखिए तापनि बरामद भएको लागु औषधको परिमाणलाई दृष्टिगत गर्दा यति ठुलो परिमाणको लागु औषध सेवनकर्तासँग रहने भन्ने कुरा विश्वासलायक देखिँदैन। तसर्थ, बरामदी लागु औषधको परिमाणसमेतलाई दृष्टिगत गरी प्रतिवादी निमा शेर्पालाई अभियोग दाबीबमोजिम सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, प्रतिवादी निमा शेर्पालाई अभियोग दाबीबमोजिम १०(दश) वर्ष कैद र रू.१,००,०००।– जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।११।२६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम्।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०६९-CR-०८३६, ०७०-CR-०३७६, कर्तव्य ज्यान, मंगलबहादुर मिजार सार्की वि. नेपाल सरकार, कालु सार्की मिजार वि. नेपाल सरकार*

प्रतिवादी मंगलबहादुर मिजारको मृतक सन्तकुमारीसँग मार्नुपर्नेसम्मको कुनै रिसइवी रहेको पनि देखिँदैन । मृतकको भाले हराएको र मंगलबहादुरले चोरेको भनी वादविवाद भइरहने भन्ने देखिए पनि यही सानो विवादकै कारणले हत्याजस्तो जघन्य अपराध गरेको भन्ने कुरा विश्वासलायक देखिँदैन । मृतक सन्तकुमारीको घरबाट बरामद

खुकुरीको सनाखतसमेत यी प्रतिवादीबाट गराएको देखिँदैन। सहप्रतिवादी कालु सार्की मिजारले नै यो खुकुरी घटनामा प्रयोग भएको र सितारामको हो भनी सनाखत कागज गरे पनि अदालतमा बयान गर्दा सो खुकुरी सितारामको जस्तो लाग्छ भनी लेखाइदिएबाट उक्त खुकुरी सितारामकै हो भन्ने कुरा शंकारहित तवरबाट पुष्टि हुन सकेको नदेखिने।

वारदात मिति २०६६/१२/२५ को बेलुका ७ बजे गहुँको भारी लिई गाउँकै बिसौनीमा बस्न लागेको अवस्थामा मैले कालु मिजारलाई देखेको, अर्को एकजना चिन्न सकिन भनी टेककुमारी कटुवालको कागजबाट देखिन्छ । निजको कागजबाट उक्त दिन कालु मिजार सार्कीसँग आउने अर्को व्यक्ति मंगल मिजार नै हुन भन्ने देखिँदैन। वस्तुस्थिति मुचुल्का तथा घटना विवरण कागजका व्यक्तिहरूले मंगलबहादुर पनि कालु मिजारसँग गाउँमा आएको भन्ने कुरा टेककुमारीकै भनाइको आधारमा लेखाइदिएको देखिँदा निजहरूको भनाइलाई प्रमाणमा लिन मिल्ने नदेखिने।

घटना विवरण कागज गर्ने तेजबहादुर मिजारले अदालतसमक्ष बकपत्र गर्दा सितारामले चाहीँ मारेको होइन कालुले मारेको हो भनेको थिएँ भनी लेखाइदिएको देखिन्छ । प्रतिवादी मंगल मिजारका साक्षी श्यामबहादुर सार्कीले वारदातका समयमा आफू र मंगल मिजारसमेत ५ जना ललितपुरको ग्वार्खु भन्ने ठाउँमा पानी ट्याङ्की बनाउने काममा थियौं। काठमाडौं बसेका मानिसले ज्यान मारेको हुन सक्दैन भनी प्रतिवादीको इन्कारीलाई समर्थन गरी अदालतसमक्ष बकपत्र गरिदिएसमेतको उपर्युक्त आधार प्रमाणहरूबाट प्रतिवादी सिताराम भन्ने मंगलबहादुर मिजार सार्कीको मृतक सन्तकुमारीलाई कर्तव्य गरी हत्या गर्ने कुरामा संलग्नता रहेको भन्ने देखिन नआउने।

प्रतिवादी मंगलबहादुर मिजारउपरको दाबी प्रमाणित गर्ने किसिमको प्रत्यक्ष प्रमाण केही पनि देखिँदैन । मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूबाट पनि निजउपरको कसुर शंकारहित तवरबाट पुष्टि हुन सकेको देखिएको छैन । यस अवस्थामा केवल निजउपरको सहप्रतिवादीको पोल र अभियोग दाबीकै आधारमा मात्र निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको नदेखिने।

प्रतिवादी कालु सार्की मिजारउपरको किटानी जाहेरी, निजले अधिकारप्राप्त अधिकारीसमक्ष आफूले ठुली आमाको कानको रिङ तान्दा कराएकोले खुकुरीले निजको घाँटी र टाउकोमा दुईचोटि हानेको हुँ भनी कसुरमा साबित भई गरिदिएको बयान निजको घटनामा संलग्नता रहेको भनी घटनास्थल मुचुल्का तथा घटना विवरण कागज गर्ने व्यक्तिहरूले अदालतसमक्ष गरिदिएको बकपत्र र वारदातका दिन कालु सार्की मिजार र एकजना अर्का व्यक्तिसमेत देखेको भनी मौकाको कागज गर्ने टेककुमारीको भनाइ निजले भनेकै स्थानबाट घटनामा प्रयोग भएको खुकुरीको बरामदी तथा उक्त खुकुरी मृतकलाई मार्नमा प्रयोग भएकै खुकुरी हो भनी निजले गरिदिएको सनाखत कागजसमेतका मिसिल संलग्न कागजातहरूबाट यी प्रतिवादी कालु सार्की मिजारकै खुकुरी प्रहारबाट मृतक सन्तकुमारीको मृत्यु भएको कुरा निर्विवाद पुष्टि

भइरहेको देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद ठहराई भएको पुनरावेदन अदालत पाटनको फैसला प्रमाण र कानूनको रोहमा मिलेकै देखिने ।

अत: उल्लिखित आधार कारणहरूबाट प्रतिवादी सिताराम भन्ने मंगलबहादुर मिजार सार्की र कालु सार्की मिजारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६९/६/२३ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी सीताराम भन्ने मंगलबहादुर मिजार सार्कीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । अर्का प्रतिवादी कालु सार्की मिजारलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरेको पुनरावेदन अदालत पाटनको सोही मितिको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी कालु सार्की मिजार र मृतकका बिच जेठी आमा र छोराको नाता रहेको देखिन्छ । मृतकले जेठी आमालाई मारी हाल्नुपर्नेसम्मको पूर्वरिसइवी केही नदेखिएको, प्रतिवादीको कलिलै उमेर भएको र आर्थिक अभावबाट ग्रसित भएको अवस्थामा मृतकलाई मार्ने मनसायबाट पूर्वतयारी नगरी मृतकसँग रहेका सुनको गहना र नगद धनमालको लोभमा परी तत्कालै घटना घटन गएको अवस्था देखिएकोसमेतबाट घटनाको अवस्था परिस्थितिसमेतलाई विचार गर्दा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने चित्तले देखेको हुँदा कैद वर्ष १० गर्दा ऐनको मकसद पूरा हुने देखिँदा निज प्रतिवादी कालु सार्की मिजारलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १०(दश) हुने ।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

इति संवत् २०७४ साल आषाढ १८ गते रोज १ शुभम्।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-CR-००४९, ०७३-CR-१६७६, कर्तव्य ज्यान र चोरी, थाकुमायाँ आले वि. नेपाल सरकार, रूद्रबहादुर थापा वि. नेपाल सरकार*

मौकाको कागज गर्ने व्यक्तिहरूले अदालतमा उपस्थित भई यी प्रतिवादी लालकुमारी भनिने थाकुमाया आलेलाई आधार र कारणसमेत उल्लेख गरी घटनामा यिनको समेत संलग्नता भएको बेहोरा उल्लेख गरी लेखाइदिएको देखिन्छ । प्रतिवादी लालकुमारी भन्ने थाकुमाया आलेले आरोपित कसुरलाई स्वीकार गरी अनुसन्धान अधिकारीसमक्ष बयान गरेकोमा अदालतमा बयान गर्दा आरोपित कसुरलाई इन्कार गरी बयान गरेको भए पनि सो इन्कारी भनाइ वस्तुगत विश्वसनीय प्रमाण प्रस्तुत गरी निजले प्रमाणित गराउन सकेको नदेखिने ।

प्रतिवादी लालकुमारी भन्ने थाकुमाया आलेले अदालतमा गरेको आफ्नो इन्कारी बयान प्रमाण प्रस्तुत गरी प्रमाणित गराउन नसकेको, मौकामा भएको निजको साबिती भनाइ उपस्थित भई बकपत्र गर्ने मौकाको व्यक्तिहरूले उल्लेख गरी लेखाइदिएको बकपत्र बेहोराबाट समर्थित भई पुष्टि भएको र सहप्रतिवादी रूद्रबहादुर थापाले मौकामा घटनाको बारेमा सविस्तार वर्णन गरी प्रतिवादी लालकुमारी भनिने थाकुमाया आलेलाई पोल गरी लेखाएको र निजले देखाएको स्थानबाट मृतक

तुलीसरा गुरूङको लास बरामद भएकोसमेत देखिँदा आरोपित कसुर प्रतिवादी लालकुमारी भनिने थाकुमाया आलेबाट भएको कुरा प्रमाणित भएको देखिने।

अतः उल्लिखित आधार एवम् कारणहरूबाट यी प्रतिवादी लालकुमारी भनिने थाकुमाया आलेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय (४) बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी ऐ.चोरीको महलको १४ नं. को देहाय (२) समेतले सजाय गरेको सुरू तनहुँ जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पोखराको मिति २०७१।०९।०८ फैसला मनासिब नै देखिने।

प्रतिवादी रूद्रबहादुर थापाले सुरू तनहुँ जिल्ला अदालतबाट भएको फैसलामा समेत चित्त बुझाई बसी पुनरावेदन अदालतमा पुनरावेदनसमेत गरेको देखिन आउँदैन । आफूले अदालतलाई अनुसन्धानको कामकारबाहीमा सहयोग पुऱ्याएकाले मुलुकी ऐनको अ.बं.१८८ नं. बमोजिमको सुविधा माग गरी पुनरावेदन गरेको भए पनि पुनरावेदन अदालतमा पुनरावेदन नै नगरी यस अदालतमा पुनरावेदन लिई आएको देखिन्छ । मृतकलाई मनसायपूर्वक मारी निजले लगाएको सुनका गरगहनाहरूमध्ये मुन्द्री लिएको कुरा मिसिल संलग्न निजको बयानबाट पुष्टि हुन आएको देखिन्छ। यी प्रतिवादीले पुनरावेदनपत्रमा अ.बं.१८८ नं. को सुविधा माग गरेको भए पनि मृतकलाई मार्ने मनसाय राखी कसुरबाट बच्न मृतक तुलीसराको लासलाई लुकाउने, दबाउने जस्तो असफल प्रयास गरेको भन्ने कुरा घटनाक्रमबाट देखिन आएकाले अ.बं.१८८ नं.को अवस्था विद्यमान रहेको नपाइँदा निजको मागबमोजिम अ.बं.१८८ नं. प्रयोग गरी कम सजाय हुनुपर्नेसमेत नदेखिने।

अतः उल्लिखित आधार एवम् कारणहरूबाट यी प्रतिवादी रूद्रबहादुर थापालाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय (३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर भएको सुरू तनहुँ जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पोखराबाट साधकका रूपमा मिति २०७३।११।०८ मा भएको फैसला र पुनरावेदक लालकुमारी भनिने थाकुमायाँ आलेको हकमा सुरू तनहुँ जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत पोखराबाट मिति २०७१।०९।०८ मा भएको फैसलासमेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल असोज १० गते रोज ४ शुभम्।

५

मा.न्या.श्री केदारप्रसाद चालिस र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-WO-०४५४, उत्प्रेषण / परमादेश, मोहन विक्रम पोखरेल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौं*

मिति २०७२।२।२८ मा भएको स्थलगत मुचुल्कामा विवादित जग्गाका सँधियारसमेत रहेको केही स्थानीयवासीहरूले गुठीको जग्गा घुसे नघुसेको थाहा नभएको भन्ने र केही व्यक्तिले गुठीको जग्गा घुसेको छैन भन्ने बेहोरा लेखाई दिएको देखिन्छ । उक्त मुचुल्का काठमाडौं महानगरपालिका वडा नं.१ का वडा सचिव रामप्रसाद सापकोटा, नापी कार्यालय डिल्लीबजारका प्रतिनिधि सर्वेक्षक, अरूणकुमार

लालदास, मालपोत कार्यालय डिल्लीबजारका प्रतिनिधि गौरी कार्की, गुठी संस्थानको प्रतिनिधि राजन भुजुसमेतको रोहवरमा भएको देखिएको छ। यसरी गुठी संस्थानकै प्रतिनिधिसमेतको रोहवरमा भएको स्थलगत मुचुल्कासमेतबाट विवादित कि.नं.४१६३ को जग्गामा गुठीको जग्गा घुसेको भन्ने नदेखिएको।

निवेदकले उल्लेख गरेको जग्गाहरू कँडेल चोक भगवती गुठीको नाममा दर्ता नै नभएको भन्ने गुठी संस्थानको पत्रबाट देखिएको छ । साबिक कि.नं. ८६ मा घुसाई नापी गराएको भनिएको ०-६-०-२ जग्गा उक्त कि.नं. ८६ को जग्गा पटकपटक कित्ताकाट भई कायम भएको कि.नं.४१६३ को जग्गामा परेको भन्ने देखिने स्पष्ट आधारबेगर गुठीको जग्गा विवादमा आएको कि.नं.४१६३ मा घुसेको भनी अनुमान गरी मोही जग्गा बाँडफाँटसम्बन्धी कारबाहीलाई अनिर्णित बनाइराख्न न्यायोचित नहुने।

यस अदालतबाट जारी भएको परमादेशको आदेशअनुसार विपक्षी भूमि सुधार कार्यालयले सम्बन्धित सरोकारवाला कार्यालयहरूमा पत्राचार गरी प्राप्त जवाफ एवं स्थलगत सर्जमिनसमेतका आधारमा भए गरेको काम कारबाहीलाई यस अदालतको आदेशलाई अवज्ञा गरेको भन्ने अर्थ गर्न मिल्ने नदेखिने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा निवेदन दिएको र सो आयोगले यस अदालतको आदेशबमोजिम कारबाही गर्न उल्लेख गरी पत्राचार गरेकै कारणबाट विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले हस्तक्षेपकारी ढङ्गले पत्राचार गरेको र सोही आधारमा विपक्षी भूमि सुधार कार्यालयबाट निर्णय भएको भन्ने अर्थ गर्न नमिल्ने।

मोही बाँडफाँटसम्बन्धी निर्णय भए अदालतको मिति २०६७।१०।२७ को परमादेशको आदेशबमोजिम गुठीको जग्गा विवादित कि.नं. ४१६३ मा घुसेको छ, छैन घुसेको भए छुट्याई गुठीको जग्गा कायम गर्नेतर्फ गुठीको स्रेस्ता र व्यक्तिको दर्ता स्रेस्तासमेत भिडाई अविलम्ब पुनः आवश्यक कारबाही गर्नु भनी भएको आदेशानुसार छानबिन गरी निर्णय भएकोले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ ३ अनुसार तोकिएको अवधिमा निर्णय नभएको भन्ने निवेदकको भनाइसँग सहमत हुने अवस्था नरहने।

तसर्थ, माथि विवेचित प्रमाण आधारबाट विपक्षी शारदा वैद्यको नाउँमा कायम रहेको काठमाडौं म.न.पा. वडा नं. १ को कि.नं. ४१६३ को जग्गा कँडेल चोक भगवती गुठीको जग्गा घुसेको छ, छैन ? घुसेको भए छुट्याई गुठीको जग्गा कायम गर्नेतर्फ गुठीको र व्यक्तिको दर्ता स्रेस्ता भिडाई पुनः आवश्यक कारबाही गर्नु भनी भूमि सुधार कार्यालय काठमाडौंले मोही जग्गा बाँटफाँट सम्बन्धमा मिति २०६४।५।१० मा गरेको निर्णय बदर गरी परमादेश जारी भएकोमा विपक्षी भूमि सुधार कार्यालयले छानबिनको क्रममा सम्बन्धित कार्यालयहरू बुझी विवादित घर जग्गाको स्थलगत सर्जमिनसमेत गरी गरेको मिति २०७२।५।३१ को निर्णयमा प्रत्यक्ष कानूनी त्रुटि रहे भएको नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल फागुन १० गते रोज ५ शुभम्।

- यसमा यसै लगाउको ०७२-WO-०५४७, गुरुप्रसाद बराल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत मुद्दामा पनि यसै प्रकृतिको फैसला भएको छ।

इजलास नं.४

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-CR-०४८६, ०५६६, ०७६६, ०८४३, ०३७५, कर्तव्य ज्यान, विशाल गुरूङ वि. नेपाल सरकार, पेमा छुल्टिम तामाङ वि. नेपाल सरकार, लक्षु भन्ने फुर्वा तामाङ वि. नेपाल सरकार, छिरिङ दोर्जे लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. छिरिङ दोर्जे लामासमेत*

प्रतिवादी लक्षु भन्ने फुर्वा तामाङउपर किटानी जाहेरी नपरेको, अन्य सहअभियुक्तले यी प्रतिवादीसमेत वारदातस्थलमा सँगसाथ रही मृतकलाई कुटपिट गर्ने कार्यमा संलग्न रहेको भनी पोल गर्न नसकेको, मौकामा कागज गर्ने व्यक्तिहरूसमेतले यी प्रतिवादीले वारदातमा यो यस्तो कसुरजन्य कार्य गरेका हुन् भनी खुलाई लेखाउन नसकेको, वारदातका प्रत्यक्षदर्शी भनिएका मानकुमारी श्रेष्ठ, डम्बरबहादुर श्रेष्ठसमेतको सनाखत निर्विकल्प प्रमाणको रूपमा देखिन नआएकोसमेत हुँदा यी प्रतिवादीसमेत वारदातमा संलग्न भई मृतकलाई कुटपिट गरेको भन्ने देखिने शंकारहित तथ्यगत प्रमाणको अभाव रहेको देखिन्छ । यी प्रतिवादी फुर्वा तामाङले वारदातमा को कसलाई, के कसरी कुटपिट गरेको हो भन्ने खुल्न आएको देखिँदैन र यी प्रतिवादीको वारदातमा संलग्न रहेको देखिने, पुष्टि हुने तथ्ययुक्त प्रमाण अभियोजन पक्षले पेस गरेको नदेखिएको स्थितिमा यी प्रतिवादीलाई कसुरदार कायम गर्न मिल्ने नदेखिएकोले वारदातमा यी प्रतिवादीको उपस्थिति देखाई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला कानूनसम्मत नभई मिलेको देखिन नआउने।

अतः माथि उल्लिखित आधार, कारण र प्रमाणसमेतका आधारमा प्रतिवादीहरू पेमा छुल्टिम तामाङ र विशाल गुरूङलाई कसुरदार कायम गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) को कसुरमा ऐ. को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी निजहरूलाई ऐ. १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी छिरिङ दोर्जे लामालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने र निज नाबालक हुँदा १० वर्ष कैद हुने ठहर गरी भएको फैसला र प्रतिवादी लक्षु भन्ने फुर्वा तामाङलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम १ वर्ष ६ महिना कैद हुने ठहरी गर्ने गरेको हदसम्म पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई प्रतिवादी छिरिङ दोर्जे लामा र लक्षु भन्ने फुर्वा तामाङले अभियोग दाबीबाट सफाइ पाउने।

प्रतिवादीहरूमध्ये पेमा छुल्टिम तामाङ र विशाल गुरूङको हकमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याई साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय गर्ने

गरी पुनरावेदन अदालत पाटनबाट राय प्रस्ताव गरेतर्फ विचार गर्दा यी प्रतिवादीहरू र मृतकबिच पूर्वरिसइवी र सम्बन्ध केही नभएको, वारदातमा यी प्रतिवादीहरूबाट सङ्गीन जोखिमी हातहतियार प्रयोग गरेको नदेखिएको, यी प्रतिवादीहरूको उमेर, वारदात हुँदाको अवस्था, घटना घट्नुको कारण र यी प्रतिवादीहरूको चालचलनसमेतलाई विचार गर्दा जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले निज प्रतिवादीहरूलाई जनही ५(पाँच) वर्षको कैद सजाय मात्र गर्ने गरी पेस भएको राय साधकको रोहमा जाँच गर्दा मिलेको देखिँदा सो रायसमेत सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: समी नेपाली

इति संवत् २०७७ साल चैत्र १६ गते रोज २ शुभम्।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा, *०७२-CR-१३९१, वैदेशिक रोजगार, नविन पराजुली भन्ने गणेशबहादुर पराजुली वि. नेपाल सरकार*

पुनरावेदकले जाहेरवालाहरूलाई अन्य प्रतिवादीहरूले वैदेशिक रोजगारका लागि क्यानाडासमेतका देशमा पठाउन नसक्ने देख्दादेख्दै निजहरूबाट रकम बुझ्ने बुझाउने कार्य गरी अन्य प्रतिवादीलाई ठगी गर्ने कार्यमा सहयोग पुऱ्याउने मतियारको भूमिका निर्वाह गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ अनुसार मतियारको कसुर गरेको भनी अन्य मुख्य अभियुक्तहरूलाई भएको सजायको आधा सजाय १(एक) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना गर्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा नदेखिने।

अतः माथि उल्लिखित आधार, प्रमाणबाट पुनरावेदक प्रतिवादी नविन पराजुली भन्ने गणेशबहादुर पराजुलीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० तथा ४३ विपरीत कसुर गर्ने अन्य कसुरहरूलाई कसुर गर्न सहयोग गर्ने मतियार देखिएको हुँदा ऐ. ऐनको दफा ५६ अनुसार सो कसुर गर्ने मुख्य व्यक्तिहरूलाई भएको सजायको आधा १(एक) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।१०।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

इति संवत् २०७७ साल माघ १४ गते रोज ४ शुभम्।

इजलास नं.५

१

मा. न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-RB-०४८९, बैंकिङ कसुर, *नेपाल सरकार वि. सुमन हुमागाई*

प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादीउपरको आरोपित कसुर वस्तुनिष्ठ विश्वासयोग्य र शंकारहित प्रमाणद्वारा पुष्टि भएको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी कसुरमा दाबी प्रमाणित गर्ने प्रमाणको भार वादीमा निहित हुने व्यवस्था भएको पाइन्छ । सो व्यवस्थाअनुसार अभियोग मागदाबी वस्तुनिष्ठ र विश्वासयोग्य प्रमाण प्रस्तुत गरी प्रमाणित गराउने कर्तव्य अभियोजन पक्षबाट निर्वाह भएको पाइँदैन । आरोपित कसुर

वस्तुनिष्ठ प्रमाण पेस गरी प्रमाणित गरेको हुनुपर्ने र देखिनुपर्ने हुन्छ । शंकाकै भरमा कसैलाई पनि कसुरदार ठहराउन नमिल्ने ।

प्रतिवादी सुमन हुमागाई, आरोपित कसुरमा कसुरदार ठहर भएका सहप्रतिवादीहरूको साथी भएको कारण मात्रको आधारमा निजसमेतलाई आरोपित कसुरमा कसुरदार कायम गरिपाउँ भन्ने वादी पक्षको जिकिर सान्दर्भिक र तर्कसङ्गत देखिँदैन । आरोपित कसुरमा प्रतिवादीको संलग्नता रहेको भनी वादी पक्षले सप्रमाण पुष्टि गरेपश्चात् प्रतिवादीलाई सजाय गर्नुपर्ने फौजदारी न्यायको सिद्धान्त रहेकोमा प्रस्तुत मुद्दामा प्रतिवादीउपरको कसुर वादी पक्षले नि:सन्देह सप्रमाण पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादी सुमन हुमागाईले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मुनासिब नै देखियो । प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र पुनरावेदन जिकिरलाई समर्थन गर्दै विद्वान् उपन्यायाधिवक्ताले प्रस्तुत गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी सुमन हुमागाईले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०५।०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : प्रकाशदत्त भट्ट

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७७ साल असार ५ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०७२-RB-०४९०, बैंकिङ कसुर, नेपाल सरकार वि. अनिश दियाली भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७६-RB-००३६, बैंकिङ कसुर, *नेपाल सरकार वि. दुर्गादेवी शाही*

जाहेरवालाले प्रतिवादीबाट बिगोबमोजिमको रकम फिर्ता पाइसकेको भनी कागज गरिदिँदाको अवस्थामा स्वयं जाहेरवालाले प्रतिवादीबाट बिगोबमोजिमको रकम फिर्ता नपाएको भनी बकपत्र बेहोरामा उल्लेख गरेको देखिन्छ तापनि जाहेरवालाले बिगोबमोजिमको रकम फिर्ता पाइसकेको भन्ने कागज बेहोरा आफ्नो नभएको वा सो कागजमा आफूले सो बेहोरा उल्लेख नगरेको वा कागज बेहोरामा लेखिएको कुरा अन्यथा हो भनी सप्रमाण भन्न सकेको पनि देखिँदैन । पुनरावेदक वादी पक्षले वस्तुनिष्ठ विश्वासयोग्य, विवादरहित र शंकारहित प्रमाण पेस गरी प्रतिवादीले अदालतसमक्षको बयानसाथ पेस भएको जाहेरवाला र प्रतिवादीबिच बिगोबमोजिमको रकम लेनदेन भइसकेको भन्ने सम्बन्धमा भएको लिखत कागजको कुनै औचित्य नरहेको भनी सप्रमाण पुष्टि गर्न सकेको पनि देखिँदैन । मिसिल संलग्न कागज प्रमाणहरू, जाहेरवालाले अदालतसमक्षको बकपत्रमा सो लिखत आफूले गरिदिएको हो भन्ने बेहोरा, प्रतिवादीको बयान, निजका साक्षीको बकपत्रसमेतबाट प्रतिवादीले जाहेरवालालाई बिगो बुझाइसकेको भन्ने देखिएको अवस्थामा प्रतिवादीबाट जाहेरवालालाई दोहोरो बिगो भराउनुपर्ने भन्ने वादी पक्षको जिकिर तर्कसङ्गत र सान्दर्भिक देखिँदैन । उल्लिखित कारणहरूको

आधारमा प्रतिवादी दुर्गादेवी शाहीले जाहेरवालालाई बिगो भराउनु नपर्ने भनी उच्च अदालत पाटनबाट भएको फैसला मुनासिब नै देखियो । प्रतिवादीबाट जाहेरवालालाई बिगो भराइपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र पुनरावेदन जिकिरलाई समर्थन गर्दै प्रस्तुत गरेको विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको देखिँदा प्रतिवादी दुर्गादेवी शाहीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(१) अनुसार प्रतिवादीलाई बिगोबमोजिम रू.१०,००,०००।- (दश लाख) रूपैयाँ जरिवाना र १० (दश) दिन कैद सजाय हुने र जाहेरवालाले बिगो रू.१०,००,०००।- (दश लाख) बुझिलिई सकेको भन्ने मिति २०७५।०८।१६ मा कागज गरेको देखिँदा बिगो भराइरहनु परेन भन्ने बेहोराको मिति २०७५।१२।१७ मा उच्च अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : प्रकाशदत्त भट्ट

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७७ साल असार ५ गते रोज ६ शुभम् ।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७५-CR-०१२८,* कर्तव्य ज्यान र जबरजस्ती चोरी, *नेपाल सरकार वि. पदमबहादुर श्रेष्ठ*

प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान, जाहेरवालाको जाहेरी तथा बकपत्र बेहोरा, मौकामा कागज गर्ने व्यक्तिहरूको मौकाको कागजलगायत मौकामा खडा भएका घटनास्थल तथा लासजाँच मुचुल्का, बरामदी मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा विशेषज्ञ चिकित्सकले अदालतमा गरेको बकपत्रसमेतका तथ्य प्रमाणहरूबाट समर्थित एवं पुष्टि भइरहेको प्रस्तुत मुद्दामा चश्मदिद गवाहको अभाव रहे पनि मिसिल संलग्न प्रमाणहरूले मालाकार कडीका रूपमा यी प्रतिवादीहरूले मृतकहरू नारायणबहादुर गुरूङ र प्रेमकुमारी गुरूङलाई मारी अभियोग मागदाबीबमोजिमको कसुर अपराध गरेको भन्ने कुरा पुष्टि भइरहेको अवस्थामा तथ्यतः प्रमाणित गर्न नसकेको प्रतिवादीहरूको अदालतसमक्षको इन्कारी बयानका आधारमा निजहरू निर्दोष रहेछन् भनी मान्न मिल्ने देखिन नआएको र निजहरूलाई अभियोग मागदाबीअनुसार सजाय गर्ने गरेको सुरू दोलखा जिल्ला अदालतको फैसलाउपर पुनरावेदन गर्ने यी प्रतिवादीहरूले सुरू फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत पाटनको फैसलाउपर पुनरावेदन नगरी चित्त बुझाई बसेको अवस्थासमेतबाट प्रतिवादीहरूलाई सुरू अदालतबाट अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा ऐ. को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराएको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसला साधकको रोहबाट अन्यथा भन्न मिल्ने देखिएन। केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४

को दफा ४०(२) मा सर्वस्वसहित जन्मकैदको व्यवस्था नभएको र ऐ. को दफा १७७(२) मा ज्यान मार्ने कसुर गर्ने र गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेकोले सुरू अदालतबाट साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम प्रतिवादीहरूलाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसलालाई उच्च अदालत पाटनबाट सदर गरेकोमा सर्वस्व गरेको हदसम्मको उक्त फैसला कायम नरही प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू पदमबहादुर श्रेष्ठ र श्यामबहादुर श्रेष्ठलाई जन्मकैदको मात्र सजाय हुने।

अब प्रतिवादीहरू पदमबहादुर श्रेष्ठ र श्यामबहादुर श्रेष्ठउपर चोरीको कसुरमा लिएको अभियोग मागदाबीबमोजिम सजाय नहुने ठहऱ्याएको सुरू फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला सो हदसम्म नमिलेकोले बदर गरी अभियोग मागदाबीबमोजिम प्रतिवादीहरूलाई चोरीतर्फ सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, प्रतिवादीहरूले मृतक नारायणबहादुर गुरूङको घरबाट नगद र सुनका गहनासमेत गरी रू.२,२१,७४७।- बराबरको धनमाल चोरी गरी लगेको हुँदा निजहरूलाई मुलुकी ऐन चोरीको १ र ४ नं. बमोजिमको कसुरमा सजाय गरी उक्त बिगो रू.२,२१,७४७।- समेत प्रतिवादीबाट जाहेरवालालाई भराई पाउनसमेत अभियोग मागदाबी लिएकोमा आफ्ना बाबु आमालाई प्रतिवादीहरूले मारी नगद रूपैयाँ र सुनका गहनासमेत लुटी लगेको भनी चोरीको कसुरमा प्रतिवादीहरूउपर जाहेरी दिने जाहेरवालाले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूले मृतकहरूको गहना तथा नगदसमेत चोरी गरेका हुन् भनी यकिनसँग भन्न सकेका छैनन् । प्रतिवादीहरूले अनुसन्धानको बयानमा नगद तथा सुन चोरी गरी लुकाएको भनी लेखाइदिएको ठाउँमा खोजतलास गर्दा चोरीको सामान बरामद हुन नसकेको भन्ने बेहोराको बरामद मुचुल्का रहेको छ । त्यसरी निज प्रतिवादीहरूले देखाइदिएको ठाउँमा चोरी भएको भनिएको नगद तथा गहनाहरू फेला नपरेपछि सो के भएको हो भन्ने सम्बन्धमा अभियोजन पक्षले थप अनुसन्धान गरेको वा प्रतिवादीहरूलाई थप सोधपुछ गरी खुलाउन प्रयास गरेको भन्नेसम्म पनि नपाइएबाट प्रतिवादीहरूउपरको चोरीतर्फको आरोपित कसुर सम्बन्धमा यथेष्ट अनुसन्धानको कमी भएको देखिन आई आफ्नो दाबी पुष्टि गर्न वादी पक्षले प्रचुर प्रयास नगरेको देखिन आएको।

मौकामा कागज गर्ने अमृतकुमारी गुरूङसमेतले अदालतसमक्ष गरेको बकपत्र बेहोरामा प्रतिवादीहरूले धन सम्पत्ति चोरी गरेको विषयमा आफूहरूलाई केही थाहा नभएको भनी लेखाइदिएको देखिन्छ । यसरी प्रतिवादीहरूले चोरी गरेको भनेका नगद तथा सुनका गहनाहरू अनुसन्धानको क्रममा बरामद हुन नसकेबाट वादी पक्षले प्रतिवादीहरूउपरको दाबी तथ्यतः पुष्टि गर्न सकेको पाइएन। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी कसुरमा दाबी प्रमाणित गर्ने प्रमाणको भार वादीमा निहित हुने व्यवस्था भएको पाइन्छ। उक्त कानूनी व्यवस्थाअनुसार वस्तुनिष्ठ, शंकारहित र विश्वासयोग्य प्रमाण प्रस्तुत गरी प्रतिवादीहरूउपरको चोरीतर्फ अभियोग प्रमाणित गराउने कर्तव्य अभियोजन पक्षबाट पूर्णरूपमा निर्वाह भएको पाइँदैन । यसप्रकार मिसिल संलग्न प्रमाणहरूको

समग्रतामा मूल्याङ्कन गर्दा प्रतिवादीहरूले अभियोग मागदाबीबमोजिम मृतकहरूको घरबाट नगद तथा गहनाहरू चोरी गरेका रहेछन् भनी मान्न मिल्ने देखिन नआएकोले प्रतिवादीहरूउपरको चोरीको अभियोग दाबी पुग्न नसक्ने भनी सुरू दोलखा जिल्ला अदालतले गरेको फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला मुनासिब नै देखियो । प्रतिवादीहरूलाई चोरीको कसुरमा समेत सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, कारणसमेतबाट प्रतिवादीहरू पदमबहादुर श्रेष्ठ र श्यामबहादुर श्रेष्ठलाई अभियोग मादाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. को कसुरमा ऐ.को १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई चोरीतर्फको अभियोग मागदाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू दोलखा जिल्ला अदालतको मिति २०७३।०३।२१ को फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको मिति २०७३।१२।२९ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । माथि उल्लेख गरिएअनुसार प्रतिवादीहरू पदमबहादुर श्रेष्ठ र श्यामबहादुर श्रेष्ठलाई सर्वस्वको सजाय नहुने हुँदा सो हदसम्म उक्त फैसला कायम रहन नसक्ने भई निज प्रतिवादीहरू पदमबहादुर श्रेष्ठ र श्यामबहादुर श्रेष्ठलाई जन्मकैदको मात्र सजाय कायम हुने।

इजलास अधिकृत : प्रकाशदत्त भट्ट

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७६ साल माघ १२ गते रोज ६ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७२-WO-०७९३, उत्प्रेषण / परमादेश, तुफानी अहिर वि. मुरत अहिरसमेत*

निवेदक तुफानी अहिर र विपक्षी मुरत अहिर एकासगोलमा रहेको र निवेदकका बाबु विपक्षी मुरत अहिर घरको मूलीसमेत भएको अवस्थामा निवेदकका बाबुले घर खर्च र कमलेश यादवको लेनदेन मुद्दाको बिगो नं. ६७/५००/१०१ को बिगो रकम बुझाउन भनी मिति २०७०/९/५ मा रू.१०,००,०००|- देवेश गुरूङसँग ऋण लिएको र उक्त रकम भाखाभित्र नबुझाएकोले देवेश गुरूङले लेनदेन मुद्दामा फिराद गरेकोमा रूपन्देही जिल्ला अदालतबाट मिति २०७१/१/२१ मा वादी दाबी पुग्ने गरी फैसला भएको र उक्त फैसलाउपर पुनरावेदन नपरी अन्तिम भएकोले फैसलाबमोजिमको बिगो भराई पाउन देवेश गुरूङले सोही अदालतमा मुरतको नामको जग्गा देखाई दरखास्त गरेको अवस्था हो । यस्तो अवस्थामा लेनदेन व्यवहारको महलको ८ नं., अंशबन्डाको १८ नं. र दण्ड सजायको २६ नं. समेतका आधारमा देवेश गुरूङले देखाएको सम्पत्तिबाट निजको ऋण असुलउपर हुनुपर्ने देखिन्छ । निवेदकले निवेदनमा देवेश गुरूङबाट लिएको ऋण बेदामी तमसुक मात्र भएको तथा लेनदेन मुद्दा दायर गर्दा प्रतिवादी बनाउन नसकेको र उक्त मुद्दामा मलाई नबुझेको बेदामी तमसुक गर्दा मलाई साक्षी नराखेको भन्ने जिकिर लिएको देखिन्छ। तर, रकम लिई तमसुकसमेत गरेकोलाई बेदामी भन्ने आधार देखिँदैन । तमसुकका सम्बन्धमा अन्यथा भन्न

सकेकोसमेत देखिँदैन । केबल २०५३ सालमा मानो छुट्टिएको भन्ने जिकिर लिई निवेदकले प्रस्तुत रिट निवेदन गरेको देखिन्छ । तर, आफूले अंश पाउनुपर्दा २०७० सालमा मानो छुट्टिएको भन्ने र ऋण तिर्नुपर्दा २०५३ सालमा मानो छुट्टिएको भन्ने दोहोरो जिकिर आफैँमा खण्डित भई प्रमाण ऐन, २०३१ को दफा ३४ ले विबन्धितसमेत भएको देखिन आउँछ । तसर्थ, निवेदक तुफानी अहिरले मुरत अहिरलाई विपक्षी बनाई हालेको अंश मुद्दाबाट आफ्नो अंश भाग पाएपछि मात्र देवेश गुरूङले मुरत अहिरबाट ऋण असुलउपर गर्नुपर्ने भन्ने जिकिर कानूनसम्मत रहेको नपाइने ।

अतः माथि उल्लिखित विवेचित आधार र कारणसमेतबाट यी निवेदक वादी भई दायर गरेको अंश नामसारी मुद्दामा निवेदक स्वयंले मिति २०७०/०९/०८ सम्म आफू र बाबु मुरत अहिर सगोलमै रहेको भनी बाबुलाई प्रतिवादी बनाई अंश मुद्दा दायर गरेको स्थितिमा उक्त अंश मुद्दा पर्नुभन्दा अघि वादी प्रतिवादी सगोलमै रहेको अवस्था हुँदा घरको मुख्य मानिस मुरत अहिरले लिएको ऋण गोश्वारा धनबाट नै भराइदिनुपर्ने भई उक्त बिगो भराउने कारबाही स्थगित गर्न नमिल्ने हुँदा पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।१२।१८ मा भएको आदेश कानूनसम्मत रहेको, सामान्य कानूनको प्रयोग गरी सोही सामान्य कानूनबाट कानूनी प्रश्नको निरूपण भइसकेको अवस्था, रिट निवेदकको कानूनी हक, संवैधानिक हक एवं मौलिक हकमा प्रतिकूल असर नपरेको स्थितिमा असाधारण अधिकारक्षेत्रको प्रयोग गरी रिट निवेदन दायर गरेको हुँदा रिट जारी गर्नुपर्ने अवस्था र औचित्यता विद्यमान रहेको देखिन नआएकोले निवेदन मागबमोजिमको उत्प्रेषणलगायतका रिट आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल माघ २६ गते रोज १ शुभम् ।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७४-CI-०३८४, निषेधाज्ञा, कुन्तीदेवी अमातिनी वि. उपेन्द्र रायसमेत

प्रस्तुत पुनरावेदनपत्रको प्रकरण ३. क) मा उल्लिखित तथा निवेदनको कागज खण्डमा उल्लिखित बेहोराबाट नै घर भत्किसकेको देखिएको । साथै, गाउँ परिषद्को बैठकका विभिन्न मितिका निर्णयहरू, उपभोक्ता समितिका निर्णयलगायत विपक्षीहरूको लिखित जवाफमा सो स्थानमा सडक र नालासमेत निर्माण भइसकेको भन्ने उल्लेख भएको तथा सडक विस्तार तथा मर्मत गर्ने कार्य सम्पन्न भइसकेको देखिँदा निषेधाज्ञाको प्रयोजन समाप्त भएको भनी निवेदन खारेज गरिदिएको उच्च अदालत जनकपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

जुन कामकारबाही रोक्ने प्रयोजनको निवेदन माग हो सो कार्य सम्पन्न भइसकेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिइरहेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्नु निरर्थक हुने दखिने ।

तसर्थ, माथि विवेचित आधार, कारणबाट बाटो बनिसकेको भन्ने आधारमा निषेधाज्ञाको निवेदन खारेज हुने ठहऱ्याई उच्च अदालत

जनकपुरबाट मिति २०७३।०९।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७७ साल साउन ११ गते रोज १ शुभम्।

६

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७५-CR-०४८१, जबरजस्ती करणी**,** *नेपाल सरकार वि. बुद्धिबहादुर सापकोटा*

जबरजस्ती करणी जस्तो फौजदारी कसुर स्वयंमा जघन्य र निन्दनीय हो । तथापि प्रतिवादीको कसुर शंकारहित तवरबाट (Beyond Reasonable Doubt) पुष्टि हुनुपर्दछ । सोको लागि यथेष्ट प्रमाण (Sufficient evidence) वादी पक्षले गुजार्नुपर्ने हुन्छ । जतिसुकै ठुलो शंका होस् तर शंकाले प्रमाणको रूप धारण गर्न सक्दैन (Even highest degree of suspicion cannot take place of evidence) भन्ने प्रमाण विधिशास्त्रको अकाट्य अवधारणा रही आएको पाइन्छ । यसरी प्रस्तुत मुद्दामा प्रतिवादीले जबरजस्ती करणी नगरेको भनी बयान गरेको, प्रतिवादीका साक्षीहरू हरिकुमार देवकोटा र नवराज बरालले वारदातका बखत प्रतिवादी बुद्धिबहादुर सापकोटा आफूहरूसँगै रहेको र निजले जबरजस्ती करणी गरेका होइनन् भनी प्रतिवादीको अदालतसमक्षको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्रका गरेको, पीडितको शरीरमा जबरजस्ती करणीको कुनै चिह्न लक्षण नदेखिएको, Hymen Intact रहेको, स्तनमा पेटमा कुनै घाउ चोट नदेखिएको, निजको योनाङ्गमा कुनै घाउ र सुनिएको नदेखिएको, योनिको झिल्ली अवस्था सामान्य नै रहेको, मलद्वारमा कुनै घाउ नभएको, पिसाबमा गर्भवती नभएको, गर्भवती जाँच गर्दा गर्भवती नभएको, परीक्षणमा सङ्घर्षका चिह्नहरू पनि नभएको भन्नेसमेत बेहोराको शारीरिक परीक्षण प्रतिवेदनलाई समर्थन हुने गरी सो परीक्षण गर्ने डाक्टरले अदालतमा आई बकपत्र गरेको, पीडित एवम् जाहेरवालीको अनुसन्धान तहकिकातका बखतका बेहोरा अदालतसमक्षको बकपत्रसँग विरोधाभाषपूर्ण रहेको, प्रतिवादीलाई कसुर ठहर गर्न कुनै ठोस प्रमाण वा दशी प्रमाण केही नभएको एवं प्रतिवादीले कसुर गरेको भन्ने कुरा शंकारहित तवरबाट स्थापित हुन नसकेको स्थितिमा प्रतिवादीले पीडित भनिएकी बालिकाको जबरजस्ती करणी गरेको मान्न सकिने नदेखिँदा उच्च अदालत पोखराको फैसला मनासिब देखिने।

तसर्थ, प्रतिवादी बुद्धिबहादुर सापकोटालाई जबरजस्ती करणीको महलबमोजिम कसुर ठहर गरी सजाय गर्ने गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०७४।७।२२ को फैसला उल्टी गरी निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी मिति २०७५।२।२८ मा उच्च अदालत पोखराबाट भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: नवीनकुमार यादव

इति संवत् २०७७ साल जेठ ६ गते रोज ३ शुभम्।

इजलास नं.६

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा, *०७२-CR-००६२,*

जबरजस्ती चोरी, नेपाल सरकार वि. सागर कामी

प्रतिवादीले मिति २०७०।२।२८ गते राति म आफ्नै पालमा सुतेको थिएँ, मसँग मेरो साथी खुम्मे बुढा पनि सँगै थिए, मैले जाहेरवाला मानबहादुर मल्लको पालमा गई नगद र धनमाल लुटेको होइन । जाहेरवालालगायतले कुट्छन् भन्ने डरले चोरी भएको धनमाल बराबरको नगद दिन्छु भनेको हुँ। जाहेरवालासँग यार्सागुम्बा खरिद बिक्री गर्ने काम गर्दै आएको थिए भनी अनुसन्धान अधिकृतसमक्ष बयान गरेका, जाहेरवाला मेरो पालमा आई मलाई मार्ने धम्की दिई कुटपिट गरी मलाई काट्न मार्न लागेका हुन् तर मैले चोरी नगरेको हुँदा अस्वीकार नै गरेको हुँ । चोरी गरे भन्ने बेहोरा झुठा हो भनी कसुरमा पूर्ण इन्कार रही अदालतसमक्ष बयान गरेको देखिन्छ । प्रतिवादीको मिति २०७०।३।३ मा स्वास्थ्य परीक्षण भएको शरीरमा घा चोट रहेको भन्ने देखिने।

प्रतिवादीबाट खानतलासी गर्दा प्रमाण लाग्ने नगद तथा दशीको सामान फेला परेको वा बरामद भएको देखिँदैन । घटना विवरण कागज गर्ने जयबहादुर बुढा, लालबहादुर बोहराले घटनाको बारेमा सुनी थाहा पाएका हौं भनी लेखाइदिएको । वादी पक्षले निजहरूलाई अदालतमा उपस्थित गराई अभियोग दाबी पुष्टि हुने गरी बकपत्र गराउन सकेको पाइएन । जाहेरवाला मानबहादुर मल्ल तथा पीडित कमला मल्ल, तारा मल्ल, शक्ति बुढाबाहेक अन्य वादी पक्षका साक्षी उपस्थित गराएको अवस्था नरहेको, प्रतिवादीका साक्षी खम्मे बुढाले वारदातको राति प्रतिवादी र म सँगै सुतेका थियौं । प्रतिवादीले जाहेरवाला मानबहादुर मल्लसमेतको नगद तथा जिन्सी चोरी गरेको भन्ने आरोप झुट्ठा हो भनी बकपत्र गरी प्रतिवादीको इन्कारी बयानलाई पुष्टि गरेको पाइन्छ । मौकामा कागज गर्ने भद्रबहादुर बुढा र पुष्पलाल वलीले प्रतिवादीले नै घटना घटाएको विश्वास लाग्छ भनी लेखाई दिएको कुरालाई प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्न सकिँदैन । प्रतिवादीले आरोपित कसुरमा इन्कारी रही अदालतमा बयान गरेको तथा चोरी गरेको कुनै पनि चिजवस्तुसमेत प्रतिवादीबाट बरामद हुन नसकेकोसमेतबाट चोरी गरेको तथ्य प्रमाणबाट पुष्टि भएको अवस्था नदेखिने।

अतः उल्लिखित आधार, प्रमाण र प्रतिवादीको इन्कारी बयानसमेतबाट प्रतिवादी सागर कामीलाई आरोपित कसुरबाट सफाइ पाउने ठहराएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७१।१२।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटर: विनोदकुमार बानिया

इतिसंवत् २०७४ साल कार्तिक २२ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री विश्वरम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, *०६९-CR-०२८०, ०४५१, ०७०-CR-१११८, लागु औषध (खैरो हेरोइन), विरमान घलान वि. नेपाल सरकार, ठुलोकान्छा तामाङ वि. नेपाल सरकार, प्रमिला चौधरी वि. नेपाल सरकार*

प्रतिवादी ठुलोकान्छा तामाङ आफू लागु औषध सेवन गर्ने हुँदा बरामद उक्त लागु औषध सेवनको लागि ल्याएको छु भनी अदालतमा बयान गरे तापनि प्रतिवादीमध्येका वीरमान घलानले

आफूले वीरगन्जबाट सामरी भन्ने व्यक्तिबाट खरिद गरी ल्याएको लागु औषध काठमाडौंमा ठुलोकान्छा तामाङलाई बिक्री गर्थें भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । प्रतिवादी वीरमान घलानले वीरगन्जबाट लागु औषध खरिद गरी प्रमिला चौधरीलाई बोकाई सँगै ल्याई सोही औषधी प्रतिवादी ठुलोकान्छा तामाङलाई बेच्ने गरेको भनी प्रमिला चौधरीले समेत यी प्रतिवादीलाई पोल गरेको देखिन्छ । वीरमान घलान र प्रमिला चौधरी यसै लगाउको ०६९-CR-०२८१ का मुद्दामा यिनै प्रतिवादीले पोल गरेको आधारमा पक्राउ परेकोसमेत देखिन आएको छ । बरामदी मुचुल्कामा बस्ने लोकेन्द्रबहादुर रावलसमेतले उक्त बरामदी मुचुल्कालाई समर्थन गरी बकपत्र गरेको देखिएको छ । प्रतिवादीले आफूबाट लागु औषध बरामद भएको तथ्यलाई स्वीकार गरेको देखिएबाट अधिकारप्राप्त अधिकारीको साबिती बयानलाई अन्यथा भन्न सकिने अवस्थासमेत नरहने ।

लागु औषध खैरो हिरोइन ६५ ग्राम बरामद भएको र प्रतिवादी ठुलोकान्छा तामाङले सो बरामद भएको तथ्य स्वीकार गरी अदालतमा समेत बयान गरेको पाइन्छ । साथै सो बरामद भएको लागु औषध सहप्रतिवादीहरू वीरमान घलान र प्रमिला चौधरीबाट खरिद गरेको भनी पोल गरेको र सो पोल बरामदी दशी प्रमाणबाट पुष्टि भएको छ । साथै निज प्रतिवादी ठुलोकान्छा तामाङले कलंकी खसीबजार आई प्रतिवादी प्रमिला चौधरीलाई देखाई चिनाई सोही स्थानबाट निज प्रतिवादी प्रमिला चौधरी पक्राउ परेको भनी प्रमिला चौधरीले अदालतमा बयान गरेको पाइन्छ । अतः बरामद भएको लागु औषध अन्य प्रतिवादी वीरमान घलान र प्रमिला चौधरीबाट प्रतिवादी ठुलोकान्छा तामाङले खरिद गरेको तथ्य पुष्टि हुन आउने ।

बरामद भएको ६५ ग्रामको लागु औषध खैरो हिरोइनको परिमाण केबल सेवन प्रयोजनको लागि खरिद गरेको भन्ने देखिन आउँदैन । प्रतिवादीहरूको बरामद भएको लागु औषध खरिद बिक्री गर्नमा संलग्नता रहेको तथ्य वस्तुगत प्रमाणबाट नै पुष्टि हुन आएको पाइने ।

लागु औषधसम्बन्धी मुद्दामा आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा रहेको पाइन्छ । प्रतिवादीबाट बरामद लागु औषध बेचबिखनको लागि नभई सेवनका लागि ल्याएको हो भन्ने प्रमाणित हुने कुनै वस्तुनिष्ठ प्रमाणहरू प्रतिवादीले पेस गर्न सकेको देखिँदैन । साथै अभियुक्तहरूले कसुरमा साबित भई यी प्रतिवादीलाई पोल गरेको अवस्था छ । भारत बस्ने सामरी भन्ने व्यक्तिबाट प्रतिवादी वीरमान घलान र प्रमिला चौधरीले लागु औषध काठमाडौं ल्याउने गरेको तथ्य वीरमान घलान र प्रमिला चौधरीको बयानबाट पुष्टि भइरहेको देखिन्छ । यिनै प्रतिवादी ठुलोकान्छा तामाङको पोलको आधारमा प्रतिवादीहरू वीरमान घलान र प्रमिला चौधरी पक्राउ परिरहेको देखिन्छ । तसर्थ, प्रतिवादीहरू वीरमान घलान र प्रमिला चौधरीले वीरगन्जबाट लागु औषध खरी गरी ल्याई प्रतिवादी ठुलोकान्छा तामाङलाई बिक्री वितरण गर्ने गरेको तथ्य पुष्टि हुन आएको देखिँदा सेवनमा सजाय गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी वीरमान घलानले सामरीसँग प्रतिग्रामको ३०० का दरले १०० ग्रामदेखि ५००

ग्रामसम्म लागु औषध खरिद गर्ने र प्रतिग्राम ५०० वा दरले ठुलो कान्छा तामाङको मागअनुसारको परिणाममा बिक्री गर्ने गरेको भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिने।

तसर्थ, माथि उल्लिखित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम जनही १२ वर्ष कैद र एक लाख जरिवाना हुने र प्रतिवादीमध्ये ठुलोकान्छा तामाङको हकमा ऐ. ऐनको दफा १८ग. बमोजिम ठहर भएको सजायमा निजलाई १ वर्ष छुट दिने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको मिति २०६८।११।२३ को पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल, कालिबहादुर साम्यू लिम्बू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इतिसंवत् २०७४ साल आश्विन ३१ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६९-CR-०२८१, ०३७३, लागु औषध खैरो हिरोइन, वीरमान घलान वि. नेपाल सरकार, प्रमिला चौधरी वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७१-CR-११८०, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. सूर्यबहादुर तामाङ*

प्रतिवादीको पीडितलाई मार्ने नै मनसाय भएको भए अघिल्लो दिन भएको घटनाको रिसइवीका कारण धारिलो जोखिम हतियार लिई पूर्वतयारीका साथ आउनुपर्नेमा त्यस्तो तयारीसाथ आएको नदेखिएकाले ज्यान मार्नेसम्मको मनसाय रहेको देखिएन। ज्यान मार्ने उद्योग कसुर हुनको लागि प्रतिवादीले पीडितलाई मार्ने मनसाय राखी सोहीबमोजिमको कार्य गरेको प्रमाणित हुनुपर्दछ र त्यस्तो कार्यको परिणाम स्वरूप पीडितको कुनै कारणवश ज्यानसम्म बच्न पाएको अवस्था स्पष्ट रूपमा स्थापित हुनुपर्ने।

ज्यान मार्ने उद्योगको कसुर हुनको लागि आवश्यक तत्त्वमध्ये तेस्रो पक्षको उपस्थिति पनि एक हो। ज्यान मार्ने उद्योगको अपराधका लागि पनि ज्यान मार्नेसरहकै सबै तत्त्वहरू विद्यमान देखिनुपर्छ। तेस्रो पक्षको हस्तक्षेपलगायत कुनै कारणले ज्यान भने मर्न नपाएको हुनुपर्छ। प्रस्तुत मुद्दामा तेस्रो पक्षको उपस्थितिका कारण ज्यान मर्न नपाएको भन्ने देखिँदैन। घटना विवरण कागज गर्ने सीता तामाङले प्रतिवादीले पीडितलाई हथौडाले हानी घाइते बनाएको हो मैले निजलाई नहिर्काउन आग्रह गरेकाले भागी फरार भएका हुन भनी उल्लेख गरेबाट तेस्रो पक्षको उपस्थितिका कारण ज्यान मर्न नपाएको भन्न मिल्ने नदेखिने।

पीडितको घा जाँच केस फारामबाट मर्नेसम्मको चोट नदेखिई सामान्य चोटपटक भएको देखिन्छ। जाहेरवाला प्रतिवेदकहरू अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादीले पीडितलाई हथौडाले हानेको आँखाले देखेको भन्न नसकी सुनेको हो भनेको पाइन्छ। प्रमाण ऐन, २०३१ को दफा १८ मा भएको कानूनी व्यवस्था हेर्दा कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको

तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने पाइन्छ। प्रतिवादीले पीडितलाई पछाडिबाट हथौडाले हानी भागी फरार भएका हुन् भनी मौकामा गरेको कागजलाई पीडित स्वयम् अदालतमा उपस्थित भई अभियोग दाबी पुस्टि गर्ने आधारसहित बकपत्र गर्न आएको नदेखिने।

वादी पक्षले प्रतिवादीउपरको दाबीलाई स-प्रमाण पुष्टि गर्न नसकेको अवस्थामा ज्यान मार्ने उद्योग जस्तो कसुरमा कसुरदार ठहराई सजाय गर्न फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने हुँदा प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचना गरिएका आधार, प्रमाणहरूबाट प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने र सरोकारवालाले सकार गरेमा मुद्दा कुटपिटमा परिणत हुने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।६।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : विद्याराज पौडेल

इतिसंवत् २०७४ साल कार्तिक २० गते रोज २ शुभम्।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., *०६८-CI-११७६, दर्ता बदर दर्ता, जानकी देवकी वि. पुरूषोत्तमलाल अग्रवाल*

वस्तुतः पुनरावेदक वादीले आफ्नो बाबुले घरसारमा बकसपत्रको लिखत गरिदिएको जग्गामा आफ्नो निरन्तर भोग रहेको भनी दाबी लिए तापनि प्रतिवादी पुरूषोत्तमलाल अग्रवालको आमा सरस्वतीदेवीको नाउँमा गुठीको पूजाकलम भनी जनिई गुठीमा तिरो तिरेको देखिन्छ। प्रतिवादी पुरूषोत्तमलालले अंश मुद्दाको मिलापत्रबाट २०४७ सालमा आफ्नो अंश भागमा विवादित जग्गा परेदेखि नै निरन्तररूपमा सो जग्गा आफ्नो नाउँमा दर्ता गराउन परमादेशको रिट निवेदन दिई अदालतबाट निज प्रतिवादीको नाउँमा विवादित जग्गा दर्ता गरिदिनु भनी आदेश भएको देखिन्छ । यसरी विवादित कि.नं.३१ र १५० को जग्गा प्रतिवादीको आमाले नै भोग गरी अंश मुद्दाको मिलापत्रबाट आफ्नो भागमा परेको उक्त जग्गा कानूनबमोजिम आफ्नो नाउँमा दर्ता गराउन अदालतमा प्रवेश गरी प्रतिवादीको हक कायम भएको देखिन आयो । तसर्थ, अदालतबाट विवादित जग्गा प्रतिवादीको नाउँमा दर्ता भई हक कायम हुन आएको जग्गामा वादी दाबी पुग्न नसक्ने ठहर भई पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला अन्यथा भन्न मिलेन। वादीको पुनरावेदन जिकिर तथा निजको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवादित कि.नं.३१ र १५० जग्गामा प्रत्यर्थी प्रतिवादीको हक रहेको देखिन आएकाले निजको दर्ता बदर गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८।५।२६ मा भएको फैसला मिलेकै देखिँदा

सदर हुने ।

इजलास अधिकृतः चेतराज पन्त, कालिबहादुर साम्यू लिम्बू

इति संवत् २०७५ साल श्रावण १६ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६८-CI-११७७, मिलापत्र बदर, जानकी देवकी वि. पुरूषोत्तमलाल अग्रवाल
- ०६८-CI-११७५, जग्गा खिचोला चलन, जानकी देवकी वि. पुरूषोत्तमलाल अग्रवाल

५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७०-CR-१३८१, मानव बेचबिखन, सुनिलकुमार बेरीवाल वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा पीडित र प्रतिवादीहरूलाई धनगढी बसपार्कबाट शंकास्पद अवस्थामा पक्राउ गरी कारबाहीका लागि पठाएको भन्ने जि.प्र.का. कैलालीको पत्रबाट देखिन्छ । बुहारी "फ माया" लाई बेचबिखन गर्ने उद्देश्यले डडेल्धुराबाट धनगढी हुँदै भारततर्फ लैजाँदै गर्दा धनगढी बसपार्कबाट पक्राउ परेको भन्ने जाहेरी रहेको छ । पीडित "फ माया" ले अनुसन्धानको क्रममा बयान गरी अदालतमा सनाखत गरेको बयानमा निज १९ वर्षको भएको र माइतीघरमा आई बसेको अवस्थामा हिरोनी बनाइदिन्छु, दुःख पर्दैन, मसँग बिहे गरे पनि हुन्छ भनी मलाई ललाई फकाई गरेकोले प्रतिवादीहरूसँगै भारततर्फ जाँदै गर्दा धनगढीबाट पक्राउ परेको स्वीकार गरेको छ । प्रतिवादीमध्येका सुनिलकुमार बेरीवालले पीडित "फ माया" सँग विवाह गर्नका लागि डडेल्धुराबाट भारततर्फ लैजाँदै गर्दा धनगढी बसपार्कबाट प्रहरीले पक्राउ गरेको भन्ने प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी तथा अदालतमा गरेको बयानसमेतबाट देखिएको छ । यसबाट **विवाह भइसकेकी र माइतीमा आई बसेकी १९ वर्षकी पीडितालाई घर परिवारको मन्जुरी सल्लाह नगरी निजको माइतीघर डडेल्धुराबाट भारततर्फ लैजाने क्रममा भारतको बोर्डरनजिक पर्ने धनगढी बसपार्कबाट पक्राउ परेको तथ्य स्थापित भएको देखियो ।** तसर्थ, **विवाहित पीडितालाई घरपरिवारको मन्जुरी नलिई, हिरोइन बनाइदिन्छु भनी ललाई फकाई, विवाहको प्रलोभनमा पारी डडेल्धुराबाट भारततर्फ लैजान धनगढी पुऱ्याई निज पीडितलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य भइसकेको देखिएकोले** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ तथा ४ को उपदफा २ (ख) बमोजिमको कसुर स्थापित भएको देखिने ।

उल्लिखित जाहेरी दरखास्त, पीडितको बयान, प्रतिवादीहरू पीडितसँगै पक्राउ परेको वस्तुस्थितिसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीउपर आरोपित कसुर स्थापित भइरहेको देखिने ।

प्रस्तुत मुद्दाका पीडितलाई विवाह गर्न भारत लैजान लागेको हो भन्ने प्रतिवादी सुनिलकुमार बेरीवालको भनाइ अन्य सबुद प्रमाणबाट समर्थन एवम् पुष्टि हुन नसकेको अवस्थामा पीडितलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याएको निज प्रतिवादीको कार्यलाई वैध कार्य हो भनी मान्न मिल्ने देखिँदैन । तसर्थ निज **प्रतिवादीले पीडित 'फ**

माया' लाई विवाह गर्नको लागि भारततर्फ लगेको हो भन्ने पुष्टि गर्न नसकेको र निजले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लान ललाई फकाई नेपालभित्रको एक ठाउँ डडेल्धुराबाट भारतको नजिक बोर्डर रहेको ठाउँ धनगढीसम्म लाने कार्य गरी ओसारपसार क्रिया भइसकेको देखिएकोले निज प्रतिवादी सुनिलकुमार बेरीवालले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ तथा ४ को उपदफा २ (ख) बमोजिमको कसुर गरेको पुष्टि हुन आयो । अत: निजलाई सो कसुरमा सोही ऐनको दफा १५(१)(ङ) को देहाय (२) बमोजिम १० वर्ष कैद र रू.५०,०००।- जरिवाना सजाय हुने ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

अभियोग पत्रको टाइप गर्दा **"मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४ को उपदफा २(ख)"** हुनुपर्नेमा "**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा २(ख)"** हुन गएकोले त्रुटि सच्याइपाउँ भनी जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराले निवेदन दर्ता गरेको देखियो । उक्त निवेदन इजलाससमक्ष पेस हुँदा वादी नेपाल सरकारका तर्फबाट जिल्ला न्यायाधिवक्ता श्री द्रोणदत्त पौडेल र प्रतिवादीका तर्फबाट अधिवक्ता श्री गणेशराज भट्टको बहससमेत सुनी **"अभियोग पत्रको पाँचौं पेज दोस्रो अनुच्छेदको सातौं हरफमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४ को उपदफा २ (ख)"** कायम हुने गरी जिल्ला अदालत नियमावली, २०५२ को नियम १७ बमोजिम त्रुटि सच्याउने गरी डडेल्धुरा जिल्ला अदालतबाट मिति २०६९।३।२० मा आदेश भएको देखियो । उक्त ऐनको दफा ३ र ४(२) एक अर्कामा परस्पर अन्योन्याश्रित रहेको पाइन्छ । दफा ४(२) मानव ओसारपसार गरेको मानिने कार्यको परिभाषा गरी सोको आधारमा दफा १५ मा सजाय निर्धारण रहेको र दफा ३ ले सो कार्यलाई कसुर मानिने भन्ने देखिन्छ । अत: दफा ४(२) को उल्लेखले पनि कसुरको स्पष्ट परिभाषा गरेको हुँदा उक्त संशोधन आदेशले दाबीमा तात्विक असर नपर्ने देखिने ।

साथै उक्त संशोधन आदेशको प्रतिलिपिसहित च.नं. ८०७ मिति २०६९।३।२० को पत्रमार्फत जिल्ला कारागार कार्यालय डडेल्धुरामा थुनामा रहेका प्रतिवादी सुनिलकुमार बेरीवाललाई जनाउ दिएकोमा निजले सोही दिन उक्त जनाउ पत्र बुझिलिई भरपाईसमेत गरिदिएको देखियो । सुरू अदालतमा दर्ता भएको अभियोग पत्रको त्रुटि सच्याउन परेको निवेदनउपर प्रतिवादीलाई समेत सुनुवाइमा सामेल गराई आदेश गरेको पाइन्छ । यसरी दुवै पक्षलाई समावेश गरी सुनुवाइको मौका दिई निवेदन मागबमोजिम त्रुटि संशोधन हुन मनासिबदेखि त्रुटि सच्याउने गरी सुरू अदालतबाट भएको आदेश बदर घोषित नभएसम्म कानूनसम्मत आदेश मान्नुपर्ने हुन्छ । अभियोग पत्रमा रहेको त्रुटि सच्याउन भएको उक्त आदेशलाई प्रतिवादीले बेरितको आदेश भनी बदर गराउन सकेको पनि छैन । तसर्थ, अभियोगपत्र संशोधन गर्ने आदेश कानूनसम्मत छैन भन्ने प्रतिवादी सुनिलकुमार बेरीवालको पुनरावेदन जिकिर तथा अभियोग पत्र संशोधन गर्ने आदेश गर्दा अभियुक्तलाई प्रतिवादको अवसर नदिएको भनी यस अदालतबाट

प्रत्यर्थी झिकाउने आदेश गर्दा लिइएको आधारसँग समेत सहमत हुन नसकिने।

अत: माथि विवेचना गरिएको आधार, कारण एवं न्यायिक सिद्धान्तसमेतका आधारमा प्रतिवादी सुनिलकुमार बेरीवालले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ तथा दफा ४(२)(ख) विपरीतको कसुर गरेकोले सोही ऐनको दफा १५(१)(ङ) को देहाय (२) बमोजिम दश वर्ष कैद र तजबिजी रू.५०,०००।– (पचास हजार) जरिवानासमेत हुने ठहर्‍याई सुरू डडेल्धुरा जिल्ला अदालतबाट भएको फैसला सदर गरी पुनरावेदन अदालत महेन्द्रनगरबाट भएको मिति २०७०।९।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल फागुन २ गते रोज ५ शुभम्।

६

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही, *०६८-CR-०५५३, कर्तव्य ज्यान, नेपाल सरकार वि. कमलबहादुर शाही*

मृतक र प्रतिवादीको बिचमा ज्यान मार्नुपर्नेसम्मको पूर्वरिसइवी भएको पनि देखिँदैन। वारदातको अघिल्लो दिन राति साथै सुतेको र राति ३ बजे नै मृतक खच्चड लिई होटलबाट खच्चड लिएर घटनास्थलतर्फ गएको भन्ने देखिन्छ। प्रतिवादीको उमेर १७ वर्षको भन्ने रहेको र मृतकको उमेर ३५ वर्ष भन्ने खुल्न आएको छ। शंकाको भरमा जाहेरी दिएर शंकाकै भरमा बकपत्रसमेत भएको अवस्थामा सो शंका पुष्टि गर्ने स्वतन्त्र प्रमाणको अभावमा कर्तव्य ज्यान जस्तो अपराधमा दोषी करार गर्नु न्यायको रोहमा मनासिब नदेखिने।

भिरबाट मृतक रामबहादुर पुन खसेको घटनास्थल मुचुल्काबाट स्पष्ट हुन्छ। भिरबाट लड्दा ढुङ्गामा परी धारिलो चोट लाग्न सक्ने पनि हुन्छ। रातको समयमा भिरको बाटोमा दुर्घटना हुन सक्ने र प्रतिवादी कमलबहादुर शाहीले नै मृतकलाई कर्तव्य गरी मारेको भनी स्पष्ट प्रमाणित हुन नसकेको साथै शंकारहित तवरबाट वादी पक्षले प्रमाणित गर्न नसकेको अवस्थामा शंकाको सुविधा अभियुक्तले पाउने नै देखियो। अधिकारप्राप्त अधिकारीसमक्ष ढुङ्गाले हानेको, चक्कुले काटेको भनी प्रतिवादीले बयान गरे तापनि सो साबिती बयानलाई पुष्टि हुने अरू प्रमाण गुजार्न सकेको पाइन्न। चक्कुले गाला तासेको भन्ने आरोप रहेकोमा सो चक्कुमा रगत नलाग्नुले स्वयं घटनालाई खण्डित गरेको देखिन्छ भिरमा टोपी, गलबन्दी अड्किएको, सिस्नोको झाडी भाँचिएको र ढुङ्गामा रगत लागेको मिसिल संलग्न मृतकको फोटोसमेतका तथ्यहरूबाट अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको साबिती बयान मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूसमेतबाट समर्थित नभएको अवस्थामा आरोपित कसुरबाट सफाइ दिनुपर्नेमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट प्रतिवादीलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला कानूनसम्मत नै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

अतः उपर्युक्त आधार प्रमाण एवं तथ्यहरूबाट प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको

अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी डोल्पा जिल्ला अदालतबाट मिति २०६६।१२।१७ मा भएको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ दिने ठहराई भएको पुनरावेदन अदालत जुम्लाको मिति २०६८।३।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बानिया

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

इजलास नं.७

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री बमकुमार श्रेष्ठ, *०७५-CR-१४५६, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. राजन भन्ने निरबहादुर तामाङसमेत*

साङ्केतिक नाम उर्लाबारी क ४६, उर्लाबारी क ४९, उर्लाबारी क ५२, उर्लाबारी क ५५, उर्लाबारी क ५८ र उर्लाबारी क ६१ समेत ६ जना महिलाहरूलाई विभिन्न बहाना र लोभ-लालचमा पारी विदेश पठाइदिने प्रलोभन देखाई भारततर्फ लगी बिक्री वितरण गर्ने र सो कार्यमा सहयोग गर्ने मानिसहरूलाई खोजतलास गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने बेहोराको प्र.ना.नि. किरण प्रसाईको प्रतिवेदन परेको देखियो । पीडिताहरूलाई भारततर्फ लाने कुरा थाहा नभएको भनी आरोपित कसुरमा इन्कार रही प्रतिवादीहरूले बयान गरेको देखियो। साङ्केतिक नाम उर्लाबारी क ५२, उर्लाबारी क ५५, उर्लाबारी क ५८ र उर्लाबारी क ६१ समेतका महिलाहरू अदालतमा उपस्थित भई हामी साथी-साथी मिली इलाम घुम्न आएका थियौं, हामी चढेको बस उर्लाबारीसम्म मात्र आउने रहेछ, हामीहरू त्यहीँ चिया खाजा खान उत्रेका बेलामा प्रहरीले समातेका हुन्, प्रहरीमा भएको बयान हामीहरूको बेहोरा होइन, लेख्न पढ्न नजान्ने हुँदा प्रहरीहरूले नै लेखी ल्याएको कागजमा सहीछाप गराएका हुन् भन्नेसमेत बेहोराको बकपत्र गरेको देखियो। यसबाट निजहरूले मुद्दामा अनुसन्धानको क्रममा गरेको बयान कागज खण्डित भएको देखिन्छ । बालिग उमेरका यी पीडित भनिएका महिलाहरूको बकपत्र बेहोरालाई अन्यथा भन्नुपर्ने कुनै उचित कारण देखिँदैन । पीडित महिलाको अदालतसमक्ष परीक्षण भएको भनाइलाई अन्यथा ठानी केवल शंका र अनुमानका आधारमा कसुर ठहर गर्नु न्यायिक मान्यताअनुकूल हुँदैन। अन्य कुनै पनि भरपर्दो वा विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले दाबी प्रमाणित गर्न सकेको पाइएन । तसर्थ, प्रमाणको अभावका कारणबाट प्रतिवादीहरूउपरको अभियोग वादी ठहर गर्न नमिल्ने।

अतः अभियोग दाबी पुष्टि हुने प्रमाणको सर्वथा अभाव रहेको देखिँदा सुरू मोरङ जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरूलाई आरोपित कसुरको अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको उच्च अदालत विराटनगरको मिति २०७४/११/१६ को फैसला मनासिब भएकाले सदर हुने।

इजलास अधिकृत: सृजना गौतम

इति संवत् २०७७ साल जेष्ठ ३२ गते रोज १ शुभम्।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०७५-CR-१६८१, मानव

बेचबिखन तथा शरीर बन्धक, नेपाल सरकार वि. कुमार मैनालीसमेत

जाहेरवालीलाई कोही कसैसँग भेटघाट गर्नसमेत नदिई बन्धक बनाई यौन क्रियाकलापमा लगाएकोले कारबाही गरिपाउँ भनी च उपनामले जाहेरी दरखास्त दिएपश्चात् प्रस्तुत मुद्दाको अनुसन्धान सुरू भएको देखिन्छ । प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार रही जाहेरवालीलाई मानव बेचबिखन तथा शरीर बन्धक गर्ने कार्यमा संलग्नता रहेको छैन भनी बयान गरेको पाइन्छ । जाहेरी बेहोरा मेरो होइन, सहीछाप मात्र मेरो हो । मेरो शरीर बन्धक बनाई यौनजन्य क्रियाकलापमा लगाई वेश्यावृत्तिसमेत गर्न लगाएको पनि होइन र छैन भन्नेसमेत बेहोराको जाहेरवाली च उपनामले स्वयम् सुरू अदालतमा उपस्थित भई बकपत्र गरेको पाइन्छ । वस्तुस्थिति मुचुल्कामा बेहोरा लेखाएका दिपक न्यौपानेले जाहेरवालीलाई प्रतिवादीहरूले इच्छाविपरीत मानव बेचबिखन तथा शरीर बन्धक गरी राखेका होइनन् भनी सुरू अदालतमा बकपत्र गरिदिएको देखिने ।

निज प्रतिवादीहरूले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। पीडिताले होटलको कमिसनबापतको रकम पाउनुपर्नेमा नपाएपछि आवेशमा आएर जाहेरी दिएकी हुन् भनी प्रतिवादीले बयानमा उल्लेख गरेको पाइन्छ । प्रतिवादीहरूले पीडितालाई डर त्रासमा पारी बन्धक बनाई यौनजन्य क्रियाकलापमा लगाएको, षड्यन्त्र गरेको वा मिलेमतोमा फसाएकोलगायत अन्य कसुरजन्य कार्य गरेको मिसिलबाट देखिन आउँदैन। पीडिताले स्वयम् जाहेरी बेहोरा मेरो होइन, सहीछाप मात्र मेरो हो । मलाई मेरो शरीर बन्धक बनाई यौनजन्य क्रियाकलापमा लगाई वेश्यावृत्तिसमेत गर्न लगाएको पनि होइन भनी सुरू अदालतमा बकपत्र गरेको देखिन्छ । मानव बेचबिखनको आपराधिक कार्य निज प्रतिवादीहरूको संलग्नता वा मिलेमतोमा भएको भन्ने देखिन नआउँदा यी प्रतिवादीहरूलाई कसुरदार ठहराउनु मनासिब देखिन नआउने ।

प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग दाबी प्रमाणित गर्ने दायित्व वादी पक्षमा रहेको हुन्छ । वादी पक्षले प्रतिवादीहरूउपरको अभियोगदाबी वस्तुनिष्ठ प्रमाणबाट शंकारहित तवरले पुष्टि गर्न सकेको देखिँदैन । अपहरण तथा शरीर बन्धक जस्तो गम्भीर प्रकृतिको फौजदारी कसुरमा प्रतिवादीउपरको अभियोग दाबी शंकारहित तवरबाट पुष्टि हुनुपर्दछ । अन्यथा शंकाको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेत रहेको छ । जाहेरी नै विश्वसनीय नदेखिएको अवस्थामा प्रहरीको प्रतिवेदनका आधारमा नै कसुर ठहर गर्न मिल्ने देखिँदैन । यस प्रकार मिसिल संलग्न तथ्यगत आधार, प्रमाणबाट प्रतिवादीहरूउपरको आरोपित कसुर प्रमाणित नभएको अवस्थामा केवल अनुमानको भरमा प्रतिवादीहरूलाई सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने ।

अत: विवेचित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादीहरूउपरको अभियोग दाबी पुष्टि हुन आएको नदेखिँदा सुरू झापा जिल्ला अदालतबाट मिति २०७२।०१।२७ मा प्रतिवादी अम्बिका लुइँटेल (मैनाली) लाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला सदर गरी अर्का प्रतिवादी कुमार मैनालीको हकमा

सुरूको फैसला उल्टी गरी निज प्रतिवादी कुमार मैनालीलाई समेत आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत इलामको मिति २०७३/०५/२० को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: ओजा लामिछाने

इति संवत् २०७७ साल जेष्ठ ३२ गते रोज १ शुभम्।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा, *०७०-WO-०३७१, उत्प्रेषण, सुनिता श्रेष्ठ एन्ड कम्पनी वि. काठमाडौं महानगरपालिकासमेत*

निवेदक र नेपाल जेसिजबिच मिति २०४९/८/२९ मा सम्पन्न सम्झौताको प्रकरण ६ मा उल्लेख भएको सर्तअनुसार प्रचलित कानूनबमोजिम नेपाल सरकार तथा अन्य कानूनबमोजिम सङ्घ संस्थालाई सो घर भोग-चलन गरेबापत बुझाउनुपर्ने कर घरको भोगाधिकार रहेसम्म निवेदक सुनिता श्रेष्ठ एन्ड कम्पनी लि.ले बुझाउने र त्यस्तो तिर्न बुझाउनुपर्ने कर तिरे बुझाएको निस्सा त्यस्तो राजस्व दाखिला गर्नुपर्ने समयावधिभित्र जेसिजलाई एकप्रति बुझाउनुपर्ने देखिन्छ। भवन निर्माणपश्चात् उक्त भवनमा सञ्चालन गरिने व्यवसायसँग सम्बन्धित सबै किसिमको कर सम्बन्धित निकायमा बुझाउने दायित्व निवेदक कम्पनीको हुने कुरा सम्झौतामा उल्लेख गरिएको सर्तबाट प्रस्ट देखिन्छ । रिट निवेदकले उल्लेख (दाबी) गरेको रकम निवेदक प्रा.लि.ले घर जग्गाबापत कानूनबमोजिम लाग्ने कर हो भन्ने देखिएको छ । घर जग्गा कर तिर्नुपर्ने विषयमा उल्लिखित सम्झौताको प्रकरण ६ आकर्षित हुने देखियो । यसरी भवन निर्माणपश्चात् उक्त भवनमा सञ्चालन गरिने व्यवसायसँग सम्बन्धित सबै किसिमको कर सम्बन्धित निकायमा बुझाउने दायित्व निवेदक कम्पनीमा नै रहने गरी सम्झौतामा नै सर्त किटान गरिएको देखिन्छ । तसर्थ, सम्झौतामा उल्लेख भएको सर्त प्रतिकूल हुने गरी घर जग्गा करको दायित्व नेपाल जेसिजको हो भनी निवेदकले गरेको दाबी मनासिब नदेखिने।

घर जग्गा कर ऐन, २०१९ को दफा ४ तथा दफा ६ बमोजिम घर जग्गाको करसम्बन्धी विवरण पेस गर्ने तथा कर चुक्ता गर्ने कानूनी दायित्व सो घर जग्गा जसका नाउँमा कायम रहेको छ सोही दर्तावाला (स्वामित्ववाला) मा रहन्छ भनी निवेदकतर्फबाट कानूनी प्रश्न उठाइएको पाइयो । उल्लिखित तर्क वा जिकिरलाई सतही वा आवरणबाट हेर्ने हो भने भवन निर्माण गरिएको जग्गा नेपाल जेसिजको भएको कारणबाट घर जग्गा करको दायित्व पनि सोही नेपाल जेसिजमा रहने हो कि भनी अलमल हुने स्थिति पनि देखिन सक्तछ। तर विवादित विषयको सन्दर्भलाई यसरी सीमित अर्थमा ग्रहण गर्नु मनासिब देखिँदैन । यो दायित्व करारीय सम्झौताको आधारमा निर्धारण गर्नुपर्ने देखिन्छ । सम्झौताका पक्षहरूले स्वीकार गरेका सर्तहरूको अधीनमा रही सम्झौताको कार्यान्वयन हुने गर्दछ। यसरी हेर्दा निवेदक कम्पनी र नेपाल जेसिजबिच भएको सम्झौताको प्रकरण ६ अनुसार घर जग्गा कर तिर्ने, बुझाउने दायित्व निवेदक कम्पनीमा रहेको देखिँदा सो सर्त प्रतिकूल हुने गरी घर जग्गा कर बुझाउने दायित्व नेपाल जेसिजमा रहन्छ भनी ठहर गर्न मिल्ने नदेखिने।

लिजमा घर जग्गा लिने पक्षको कानूनी

हैसियतका दृष्टिले हेर्दा पनि घर जग्गा कर भुक्तान गर्ने दायित्व लिजमा लिने पक्षमा रहने देखिन्छ। कुनै सम्पत्ति लिजको रूपमा लिनुको तात्पर्य अस्थायी रूपमा र सीमित अर्थमा सो सम्पत्तिउपरको स्वामित्व ग्रहण गर्नु हुने।

लिजको अवधिमा सो सम्पत्तिको वास्तविक स्वामित्ववाला (दर्तावाला) को हकमा ग्रहण (Eclipse) लाग्न पुगेको हुन्छ र लिज लिने पक्षमा अस्थायी रूपमा केही हक र दायित्व सर्न पुग्दछ । यही मान्यतालाई आत्मसात् गरेर केही नेपाल कानूनमा प्रावधानहरूसमेत समावेश भएका देखिन्छन् । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २ (क) को देहाय (४) मा "जग्गावाला" शब्दको परिभाषाभित्र कुनै "जग्गावालाको हकको जग्गा अरू कसैले भोग वा दृष्टि बन्धकीमा लिई कानूनबमोजिम भोग चलन गरी आएको भए त्यसरी भोग चलन गरून्जेल सो व्यक्ति" लाई पनि जग्गावालाको रूपमा समेटिएको देखिन्छ । यसबाट जग्गाको वास्तविक दर्तावालालाई मात्र "जग्गावाला" वा "स्वामित्ववाला" मान्नुपर्दछ भन्ने तर्क कानूनसङ्गत देखिन आउँदैन। संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा २(घ) मा "आवास इकाइ धनी" भन्नाले यस ऐनबमोजिमको सम्झौतामा उल्लिखित सर्तहरूका अधीनमा रही आवास इकाई खरिद गर्ने, भाडा (लिज) मा लिने वा अन्य कुनै पनि किसिमले भोग गर्ने व्यक्ति वा सङ्गठित संस्था सम्झनुपर्छ" भनी लिजको विषयसमेत उल्लेख भएको देखिन्छ । बहुतल्लाका सामूहिक आवास (Multi-storied Building / Apartment / Flat) को अवधारणा, प्रयोग र तत्सम्बन्धी कानूनका दृष्टिले हेर्दासमेत जग्गाको दर्ता-स्थितिलाई नै एक मात्र निर्णायक आधार मानेर "स्वामित्ववाला" निर्धारण गर्नु तर्कपूर्ण हुने देखिँदैन । तसर्थ, पनि प्रस्तुत विवादका सन्दर्भमा भवन निर्माण गरी प्रयोग गर्ने निवेदक कम्पनीलाई घर जग्गा कर ऐन, २०१९ को दफा ४, दफा ६ समेतका कानूनको प्रयोजनका लागि "स्वामित्ववाला" भनी मान्नुपर्ने देखिने।

रिट निवेदकका पक्षबाट नेपाल जेसिज एक सेवा प्रदायक सामाजिक संस्था भएकाले सो संस्थाको सम्पत्तिमा कर लगाउन हुँदैन भनी जिकिर गरिएकोसमेत पाइयो। यस सम्बन्धमा हेर्दा विवादित घर जग्गा कर नेपाल जेसिजबाट असुल गरिने नभएर सम्झौताअनुसार भवन निर्माण गरी व्यापारिक कार्य सञ्चालन गर्ने कम्पनीबाट असुल गर्नेसम्बन्धी विषय समावेश रहेको देखियो। यस अवस्थामा सामाजिक संस्था भएको भन्ने कारणबाट घर जग्गा करको दायित्वबाट निवेदक कम्पनीले छुट पाउने अवस्था देखिएन। कुनै सामाजिक संस्थालाई कर लगाउने वा नलगाउने भन्ने कुरा कानूनी अख्तियारीभित्र रहेर तत्सम्बन्धी निर्धारित कानूनी प्रक्रियाअनुसार छुट वा मिनाहा दिने वा नदिने भनी सम्बन्धित निकायबाट निरूपण गरिनुपर्ने विषय देखिन्छ । केवल सामाजिक संस्थासँग भएको सम्झौतालाई आधार मानेर घर जग्गा कर छुट हुनुपर्दछ भन्ने जिकिर उचित नदेखिने।

अतः निवेदक सुनिता श्रेष्ठ एन्ड कम्पनी लि.ले नेपाल जेसिजसँग सम्झौता गरी भवन निर्माण गरेको र व्यापारिक कारोबार गरेको अवस्था देखिएको हुँदा निवेदक कम्पनीबाट घर जग्गा कर असुल गर्ने भनी काठमाडौं म.न.पा.बाट विधिसम्मत रूपमा निर्णय भएको देखिएको र सो निर्णय एवम् काम कारबाहीको कारणबाट निवेदकको कुनै पनि

हक अधिकारमा आघात पुगेको नदेखिएको हुँदा निवेदन मागबमोजिम रिट आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सृजना गौतम

कम्प्युटर: विजय खड्का

इतिसंवत् २०७६ साल कार्तिक १४ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७१-MS-००१५, उत्प्रेषण, सुनिता श्रेष्ठ एण्ड कम्पनी वि. काठमाडौं महानगरपालिकासमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री कुमार रेग्मी, ०७१-WO-०७८५, उत्प्रेषण / परमादेश, कृष्णप्रसाद आचार्यसमेत वि. प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

शिक्षकहरूको बढुवा हुँदा बढुवा भएको पदको सुरू तलबमानभन्दा खाइपाई आएको तलबमान बढी भएको अवस्थाका लागि शिक्षा नियमावली, २०५९ को नियम १०२ मा "माथिल्लो तलबमानको कुनै श्रेणीमा बढुवा पाउने शिक्षकले सो तलबमानको सुरू तलब पाउने छ। तर, निजले हाल पाइरहेको तलब माथिल्लो श्रेणीको तलबमानको न्यूनतम तलब बराबर वा सोभन्दा बढी भएमा माथिल्लो तलबमानमा निजको तलब तोक्दा देहायबमोजिम गरी तोकिने छ" भनी उल्लेख भएको देखिन्छ। सो नियमको देहाय (क) मा "निजले हाल पाइरहेको तलब माथिल्लो तलबमानको सुरू तलब बराबर भएमा सो तलबमा एक तलब वृद्धि थप गरिने छ" भन्ने र देहाय (ख) मा "साबिक श्रेणीमा पाइरहेको तलब बढुवा भएको श्रेणीको सुरू तलबभन्दा बढी भएको अवस्थामा माथिल्लो श्रेणीको तलब तोक्दा हाल पाइरहेको तलबमा नपुगसम्मको तलब वृद्धि गरी माथिल्लो श्रेणीको एक तलब वृद्धिसमेत दिइने छ" भन्ने प्रावधान रहेको देखिने।

झापा जिल्लाका प्रा.शि. तृतीय श्रेणीबाट द्वितीय श्रेणीमा बढुवा हुने शिक्षकहरूले शिक्षा नियमावली, २०५९ को नियम १०२ को (क) र (ख) बमोजिमको तलब वृद्धि माग गरी दायर भएको रिट निवेदक रामप्रसाद घिमिरेसमेत र प्रत्यर्थी शिक्षा मन्त्रालयसमेत भएको (रिट नं. २०६७-WF-००२० को उत्प्रेषणयुक्त परमादेश) को निवेदनका सन्दर्भमा निवेदकहरू बढुवा भएको प्रा.वि. द्वितीय श्रेणीको तलबमान निजहरूको हकमा साबिक तृतीय श्रेणीमा रहँदा निजहरूले खाइपाई आएको तलबमानभन्दा कम रहिरहनु शिक्षा नियमावली, २०५९ को कानूनी व्यवस्था र न्यायको रोहबाट समेत उपयुक्त देखिँदैन । तसर्थ, नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।४।४ को निर्णयबाट निर्धारित भएको निवेदकहरूको तलबमानमा शिक्षा नियमावली, २०५९ को नियम १०२ को व्यवस्थाअनुरूप मिलान गरी निवेदकहरूले बढुवा पाएको प्रा.वि. द्वितीय श्रेणीको पदअनुकूल बनाउन उपयुक्त र आवश्यक देखिएको छ। निवेदकहरूको प्रा.वि. द्वितीय श्रेणीको तलबमान शिक्षा नियमावली, २०५९ को नियम १०२ अनुकूल हुने गरी हालसम्म नमिलाएको भए मिलाउनु भनी परमादेश जारी गर्ने गरी यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।१२।२ मा आदेश भएको देखियो (ने.का.प. २०६९, अङ्क ३, नि.नं. ८७७८, पृष्ठ ३६८)। प्रस्तुत विवादका सन्दर्भमा समेत उपर्युक्तअनुसार प्रतिपादित सिद्धान्त अनुसरण गर्नु मनासिब

देखियो। शिक्षा नियमावलीमा रहेको प्रावधानअनुसार सुविधा प्रदान गर्ने जिम्मेवारी एक अर्को निकायको हो भनी पन्छिन खोज्ने गरी लिखित जवाफमा गरिएको जिकिरलाई उचित ठान्न नसकिने।

अत: निवेदकहरूको तलबमान कायम गर्ने सम्बन्धमा शिक्षा नियमावली, २०५९ को नियम १०२ प्रतिकूल हुने गरी भएको हदसम्म मिति २०६६।४।४ को निर्णयसहितका विपक्षीहरूको काम कारबाही उत्प्रेषणको आदेशले बदर हुन्छ। अब निवेदक शिक्षकहरूको तलबमान शिक्षा नियमावली, २०५९ को नियम १०२ को प्रतिबन्धात्मक वाक्य (क) र (ख) समेत बमोजिम बढुवा भएको मितिदेखि नै पाउने गरी तलब वृद्धि कायम गरी तलबमान निर्धारण गर्नु, गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल असार २१ गते रोज १ शुभम्।

इजलास नं.८

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा, ०७६-WO-१११३, उत्प्रेषण / परमादेश, कुलबहादुर लिम्बू वि. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार

निवेदकलाई हवाई उडानको लागि इजाजतपत्र एक वर्षको लागि निलम्बन गर्ने गरी गरेको नेपाल नागरिक उड्डयन प्राधिकरणबाट मिति २०७७।२।१९ मा भएको निर्णय र सो निर्णयको आधारमा निवेदकलाई लेखिएको मिति २०७७।२।२१ को पत्रसमेत कानूनको उचित प्रक्रिया अवलम्बन नगरी र कानूनको अख्तियारी सही किसिमबाट प्रयोग नगरी भए गरेको देखिँदा उक्त निर्णय र पत्रसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको।

यहाँ सेवा करार निवेदकले स्वेच्छाले अन्त्य गरेको अवस्था छैन। यस स्थितिमा करारीय सम्बन्ध तोडिएकोबाट अन्य दायित्वहरू सिर्जना हुन्छन् वा हुँदैनन् भन्ने विषयमा निजलाई आफ्नो कुरा भन्ने मौका प्रदान नगरी आर्थिक दायित्व सिर्जना गरेको मिलेको देखिएन। तसर्थ, इजाजत पत्र निलम्बन भएको आधारमा करार सेवा अन्त्य गरेकोलाई कानूनविपरीत भन्न सकिने अवस्था नहुँदा सेवा करार अन्त्य गरेको हदसम्म निगमको मिति २०७७।३।९ को पत्र बदर गरिरहन परेन। तर करारीय सम्बन्धमा करारबमोजिम हुन सक्ने भए पनि सेवा अन्त्य गर्ने क्रममा एउटै निर्णयबाट निवेदकलाई आफ्नो कुरा भन्ने मौका नदिई आर्थिक दायित्व सिर्जना गरी रकम असुलउपर गर्ने गरेको हदसम्म विपक्षी नेपाल वायु सेवा निगमको मिति २०७७।३।९ को निर्णय सो हदसम्म कानूनअनुरूप भए गरेको नदेखिने।

अतः माथि उल्लिखित आधार र कारणहरूबाट निवेदकलाई स्पष्टीकरण माग गर्दा नेपाल नागरिक उड्डयन प्राधिकरण नागरिक उड्डयन नियमावलीको नियम ४०(१) र कारबाही गर्दा सोही नियमावलीको नियम ८० बमोजिम भनी टिप्पणीको आधारमा निवेदकको इजाजत निलम्बन गर्ने गरी भएको विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरणको मिति २०७७।२।१९ को निर्णय र मिति २०७७।२।२१ को पत्र तथा सेवा अन्त्य गर्ने विषयमा निवेदक र निगमबिच भएको

करारको माथि उल्लिखित सर्त १ बमोजिम गर्न सक्ने देखिए पनि सोही निर्णयबाटै निवेदकलाई कुनै कुरा भन्ने अवसर प्रदान नगरी निवेदकबाट रकम असुल गरेको हदसम्म नेपाल वायु सेवा निगमको मिति २०७७।३।९ को निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत : तेजप्रसाद पौडेल

कम्प्युटर : रेखा भट्टराई

इतिसंवत् २०७७ साल मङ्सिर २२ गते रोज २ शुभम्।

इजलास नं.९

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७६-RC-०१०३, कर्तव्य ज्यान, नेपाल सरकार वि. किशोर चुनारा*

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा मृतक पत्नी जयश्री चुनाराको चरित्र राम्रो थिएन, २०७४।१।९ गतेको बिहान ७/८ बजेतिर घरको पछाडिपट्टि केटा बोलाई करणी गरेको मैले आफ्नै आँखाले देखेको हुँ, मेरो भाइसँग पनि करणी गर्ने गरेको मैले देखेको हुँ, गाउँका पडौसी मलाई देखेर खिसी काट्ने गर्दथे। मलाई रिस आई सहन नसकी पत्नीको घाँटी च्यापी मारेको हुँ भनी आरोपित कसुर गरेकोमा साबित भई बयान गरेको पाइन्छ। यसरी हेर्दा प्रतिवादी र मृतकको वैवाहिक जीवन राम्रो देखिँदैन । प्रतिवादी किशोर चुनाराले मृतकलाई बानीमा सुधार गर्नका लागि धेरै पटक सम्झाउने गरेको पनि देखिन्छ। वैवाहिक जीवन एक महिला र पुरूषको बिचमा सम्पन्न हुने अति गोप्य एवम् विश्वासमा अडेको हुन्छ। जब श्रीमान् र श्रीमतीबिच नै शंका, उपशंका गर्न थालिन्छ तब घर परिवारमा खिचलो र तनावको स्थिति सिर्जना हुन्छ। यस्तो परिस्थिति र परिवेशमा गुज्रिरहेको वैवाहिक जीवनमा कुनै पनि समय र अवस्थामा कुनै पनि किसिमको अप्रिय घटना घट्न सक्ने अवस्थालाई नकार्न सकिँदैन। तसर्थ, प्रस्तुत मुद्दामा वारदात हुँदाको मनोदशा, परिवेश, पारिवारिक जीवन, सामाजिक वातावरण, अपराध गर्नुपर्नेसम्मको सामाजिक एवम् पारिवारिक कुण्ठासमेतका आधार र कारणहरूले गर्दा अपराध गर्नुपरेको घटना र परिस्थितिलाई सत्य तथ्यरूपमा अनुसन्धान र अभियोजन गर्ने अधिकारी तथा अदालतमा समेत अभिव्यक्ति दिई अनुसन्धानमा सहयोग गरेको अवस्थाको विवेचना गरी अ.बं.१८८ प्रयोग हुन सक्ने।

अत: सुरू अदालतको फैसलालाई सदर ठहर गर्ने गरी भएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७६।१।५ को फैसला तथा मुलुकी ऐन अ.बं. १८८ बमोजिम १०(दश) वर्ष कैद सजाय गर्ने रायसमेत मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल फागुन २९ गते रोज ५ शुभम्।

इजलास नं.१०

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७४-CR-०८३५, कर्तव्य ज्यान, सिक्किमे साइँला भन्ने विजय राई वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको वारदातमा प्रतिवादीले

जोखिमी हतियारले मृतक रामबहादुर राईलाई प्रहार गरी सोही चोटका कारण मृतकको मृत्यु हुन गएको हुँदा प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. तथा १३(१) नं. अन्तर्गतको कसुर गरेको देखियो । प्रतिवादीको साबिती बयान, मृतकको शव परीक्षण प्रतिवेदन, प्रत्यक्षदर्शी अम्बिका राईको कागज तथा बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी सिक्किमे साइला भन्ने विजय राईले मार्ने मनसायले रामभक्त भन्ने रामबहादुर राईलाई बाम्फोकले प्रहार गरेको र सोही चोटका कारण निजको घटनास्थलमै मृत्यु भएको देखिएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने तथा घाइते गजेन्द्र राईलाई यिनै प्रतिवादीले प्रहार गरेको भनी ज्यान मार्ने उद्योगतर्फ लिएको अभियोग दाबी नपुग्ने भनी ठहर गरेको सुरू पाँचथर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७४।२।२२ मा भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः माथि विवेचित आधार, प्रमाणहरूबाट प्रतिवादी सिक्किमे साइँला भन्ने विजय राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई तथा ज्यान मार्ने उद्योगतर्फ लिएको अभियोग दाबी नपुग्ने भनी सुरू पाँचथर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७४।२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रस्तुत मुद्दामा प्रतिवादी सिक्किमे साइँला भन्ने विजय राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू पाँचथर जिल्ला अदालतको फैसलालाई साधकको रोहबाट सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि "**मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन**" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "**कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ**" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा यी प्रतिवादी सिक्किमे साइला भन्ने विजय राईलाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ, निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृतः नवराज कार्की

इति संवत् २०७६ साल माघ २८ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री डम्बरबहादुर शाही, *०७४-CR-१०६३, जबरजस्ती करणी, नेपाल सरकार वि. रामु*

सापकोटा

मिति २०७२।१।२८ को साँझ प्रतिवादी पीडितको घरमा गई पीडितलाई कोठाभित्र लगी निज प्रतिवादीले पीडितको स्तन र योनिमा समेत समाई सुम्सुमाएको अवस्थामा मैले देखी हारगुहार गरी हल्ला भएपछि प्रतिवादी भागेको भन्ने तथ्य घटनाको प्रत्यक्षदर्शी चन्द्रा सुवेदीको कागज तथा बकपत्रमा उल्लेख भएको देखिन्छ। यसरी पीडितको संवेदनशील अंश समाइरहेको र करणी गर्न नपाएकै अवस्थामा निज चन्द्रा सुवेदीले देखी हल्ला भएको हुँदा कसुर नगरी जबरजस्ती करणीको महलको ५ नं. बमोजिमको जबरजस्ती करणीको उद्योगसम्मको कसुर गरेको तथ्य स्थापित हुन आएको।

अतः मिति २०७२।१।२८ मा यी प्रतिवादीलाई किटानी गरिदिएको जाहेरीमा मिति २०७१।१२।२८ मा समेत पीडितलाई जबरजस्ती करणी गरेको हो भनी बेहोरा उल्लेख गरे पनि घटना घटेको लगत्तै कुनै जाहेरी नपरेको, सो वारदातको सम्बन्धमा कुनै अनुसन्धान पनि नभएको, मिति २०७२।१।२८ को वारदातमा आफूलाई जबरजस्ती करणी गरेको हो भनी पीडितले यकिनका साथ भन्न नसकेको अवस्थामा मिति २०७१।१२।२८ समेतको वारदातलाई जबरजस्ती करणीको कसुर ठहर गरी अभियोग दाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

माथि उल्लिखित आधार, प्रमाणहरूबाट प्रतिवादीले १४ वर्षकी नाबालक पीडितालाई करणी गर्ने उद्देश्यको साथ पीडिताको संवेदनशील अङ्ग छुने, समाउनेलगायतका विभिन्न क्रियाकलापहरू गरी करणी गर्ने उद्योगसम्म गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम कसुर गरेको देखिँदा प्रतिवादीलाई सोही महलको ३(३) नं. ले हुने सजायको ऐ. ५ नं. बमोजिम आधा सजाय ३(तीन) वर्ष कैद हुने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नवराज कार्की

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल माघ २८ गते रोज ३ शुभम्।

इजलास नं.११

१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री पुरूषोत्तम भण्डारी, *०७३-WO-१००५, उत्प्रेषण, पूर्णमाया राना वि. त्रिभुवन विश्वविद्यालय, सेवा आयोग, कीर्तिपुर काठमाडौंसमेत*

त्रिभुवन विश्वविद्यालय कर्मचारी नियुक्ति एवं बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता अङ्क विभाजन एवं सिफारिससम्बन्धी कार्यविधि, २०६८ ले कर्मचारीको बढुवा गर्ने प्रयोजनका लागि खुलाइएको आधारहरूमा तोकिएको अङ्कभारमध्ये कार्यसम्पादन मूल्याङ्कनबापत निवेदिका र बढुवा भएका विपक्षीबिच ११ अङ्कको भिन्नता भई निवेदिकालाई निजले हासिल गरेको उपल्लो शैक्षिक योग्यताबापतको अङ्क थप गर्दासमेत विपक्षीले प्राप्त गरेको कुल ९६ अङ्कभन्दा निवेदिकाको अङ्क कम नै रहेको पाइयो। त्रिभुवन विश्वविद्यालय सेवा आयोगबाट प्रकाशित भएको विज्ञापनमा उम्मेदवार कर्मचारीलाई बढुवा गर्नका

लागि प्रदान गरिने मूल्याङ्कनको अङ्क दिने कार्य विश्वविद्यालयको आन्तरिक एवं प्रशासनिक कार्य भएकोले सो कार्यलाई यस अदालतबाट समेत अन्यथा गर्न मिल्ने देखिएन । तसर्थ, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नारायण सापकोटा

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७७ साल पौष २२ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको ०७३-WO-१००४, उत्प्रेषण, नुमाया गुरूङ वि. त्रिभुवन विश्वविद्यालय, सेवा आयोग, कीर्तिपुर काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल, *०७६-CR-१७०२, लागु औषध ब्राउन सुगर, नेपाल सरकार वि. दिलिप थारू*

प्रतिवेदक प्र.ह.कमलप्रसाद आचार्यले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीको साथबाट लागु औषध बरामद भएको तथ्यसम्म उल्लेख गरेको पाइन्छ । निजले प्रतिवादी लागु औषध बिक्री वितरण गर्दै गर्दाको अवस्थामा पक्राउ परेको हो भनी खुलाउन सकेको देखिँदैन । प्रतिवादीले उक्त बरामदी लागु औषध बिक्री वितरण गर्नका लागि ल्याएको तथ्य पुष्टि हुने विश्वसनीय आधार एवं ठोस प्रमाण वादी पक्षबाट पेस हुन सकेको देखिँदैन । प्रतिवादीको साथबाट लागु औषध बरामद हुँदैमा बिक्री वितरणको लागि ल्याएका हुन् भनी अनुमान गर्नु न्यायसङ्गत नहुने ।

सम्पत्ति जफत गर्नुपूर्व सम्पत्ति धनीलाई सूचित गरेको अवस्था नदेखिएबाट सो स्कुटी जफत गर्न उचित र न्यायसङ्गत नहुने भएकोले स्कुटी जफत नहुने ठहर गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेकै देखिन आएकोले प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरी स्कुटीसमेत जफत गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहससँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी दिलिप थारूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ) (ङ) र(च) को कसुरमा ऐ. ऐनको दफा १४(१) (छ)(१) बमोजिम ५ वर्ष कैद तथा रू.५,०००।- जरिवाना र लु.२६ प २३०६ नं. को स्कुटी जफत हुने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७४।०९।०३ को फैसला उल्टी गरी निज प्रतिवादीलाई ऐ. ऐनको दफा ४(छ) को कसुरमा ऐ. ऐनको दफा १४ को (१)(ङ) बमोजिम १ वर्ष कैद हुने र बरामद भएको स्कुटी जफत नहुने ठहर गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।०१।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७८ साल असार २५ गते रोज ६ शुभम् ।

इजलास नं.१२

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७२-CR-१९९३, ०७४-CR-०७८०, कर्तव्य ज्यान, गोविन्दबहादुर*

बटाला वि. नेपाल सरकार, नेपाल सरकार वि. गोविन्दबहादुर बटाला

प्रतिवादीहरू कालीबहादुर खाम, केशव अधिकारी, गंगाराम थापाको हकमा प्रस्तुत मुद्दा अ.बं.१९० नं. ले मुल्तबी रहेकाले निजहरूका हकमा विवेचना गर्नु नपर्ने।

मृतकको मृत्युको कारणमा मृतक रामहरि श्रेष्ठको टाउकोमा गम्भीर चोट लागेको कारण मृत्यु भएको हो भन्ने बेहोराको शिक्षण अस्पताल महाराजगन्ज काठमाडौंको शव परीक्षण प्रतिवेदनबाट समेत देखिन आएको छ । मृतक लासमा देखिएको यी लक्षणबाट मृतकको मृत्यु टाउको तथा शरीरका अन्य भागमा प्रहार गरेको विभिन्न चोटहरूको कारण भएको देखिने।

शंकारहित तवरले पुष्टि गर्ने प्रमाणको भार वादी पक्षमा रहने भएकोले यी प्रतिवादी जीवित भन्ने गोविन्दबहादुर बटालाले कसुर गरेको कुरा वस्तुनिष्ठ रूपमा वादी पक्षले पुष्टि गर्न सकेको देखिँदैन । वारदातबारे प्रतिवादी स्वयम्‌ले नै जानकारी दिएपछि मात्र किटानी जाहेरी दिएको देखिन्छ । जाहेरी जे जस्तो पृष्ठभूमिमा परे पनि सोलाई अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थन र पुष्टि नभएसम्म जाहेरी आफैँमा प्रमाण हुन सक्दैन । जाहेरी दरखास्त घटना भएको वा घटना घट्ने सम्भावना रहेको अवस्थामा प्रारम्भिकरूपमा सूचित गर्ने माध्यम हो। प्रतिवादीको संलग्नता रहेको भनी दिएको जाहेरी अन्य कुनै प्रमाणबाट समर्थित नभएको अवस्थामा यसको प्रामाणिक मूल्य रहेको मान्न मिल्दैन। यस्तो अवस्थामा केवल जाहेरी दरखास्तको मात्र आधार लिई कर्तव्य ज्यान जस्तो गम्भीर अपराधमा दोषी ठहर गर्न मिल्ने नदेखिने।

वारदातको प्रकृति हेर्दा का.म.न.पा. वडा नं.३५ कोटेश्वरस्थित रामहरि श्रेष्ठको घरमा रहेको जनमुक्ति सेना तेस्रो डिभिजन सम्पर्क कार्यालयमा मिति २०६४।१२।१४ गते राति भएको हतियार र नगद रूपैयाँको चोरीको आरोपमा संलग्न केशव अधिकारी, गंगाराम थापा र रामहरि श्रेष्ठलाई छानबिनको लागि बिग्रेड कमान्डर जीवित भन्ने प्रतिवादी गोविन्दबहादुर बटालाले चितवनस्थित शक्तिखोरमा लगी एउटै कोठामा थुनी राखेको बखत चोरीको रहस्य किन खोलेको ? भनी प्रतिवादी गंगाराम र केशव अधिकारीले मृतक रामहरिलाई निर्घात कुटपिट गरी मरणासन्न अवस्थामा रहेको कुरा मिति २०६५।१।२८ गते कोठाको ढोका खोली हेर्दा प्रतिवादी गोविन्दबहादुर वटालाले देखी थाहा पाई सोबारे शक्तिखोरस्थित हेड क्वार्टरमा रिपोर्टिङ गरी उपचार गर्न निजलाई गाडीमा राखी लैजाँदै गर्दा बिच बाटोमा नै निजको मृत्यु भएपछि अब लासलाई नारायणी नदीमा फालिदिने भनी अन्य दुई प्रतिवादीले भनेको कुरामा प्रतिवादी गोविन्दबहादुर बटालाले सहमति नजनाएको र रामहरिको मृत्युको बारेमा शक्तिखोर स्थित हेड क्वार्टरमा जानकारी दिन निज गाडीबाट ओर्ली मोबाइलमा कुरा गर्न अलिपर गएका बखत प्रतिवादी गंगाराम र केशव अधिकारीले लासलाई नजिकैको नारायणी नदीमा फालेको भन्ने रहेको छ । वारदातको उक्त अवस्थालाई विचार गर्दा, प्रतिवादी गोविन्दबहादुर बटालाले आफ्नै तेस्रो डिभिजन सम्पर्क कार्यालयबाट नगद र हतियार चोरी भएको विषयमा छानबिन गर्न तीनै जनालाई काठमाडौं कोटेश्वरबाट चितवनस्थित शक्तिखोरसम्म लगेको देखिन्छ । सो वारदातको विषयमा निजले

मृतकलगायत अन्य प्रतिवादीहरूसँग शक्ति प्रयोग गरेर कुनै केरकार गरेको पनि देखिँदैन । प्रतिवादी गोविन्दबहादुर बटालाले मृतकलाई कुटपिट गरेको र गर्न लगाएको अवस्थासमेत छैन । मृतक रामहरिसहित अन्य दुई जना प्रतिवादी गंगाराम र केशव अधिकारीलाई एउटै कोठामा थुनी राखेको अवस्थामा निजको मृत्यु भएको अवस्था छ । मिति २०६५।१।२८ गते निजहरूलाई थुनामा राखेको कोठा खोली हेर्दा मृतक रामहरि कुटपिटबाट मरणासन्न अवस्थामा रहेको देखी प्रतिवादी गोविन्दबहादुर बटालाले उपचार गर्न तत्कालै गाडीमा राखी अस्पताल लगेको र जाँदाजाँदै मृतक रामहरिको बाटैमा मृत्यु भएको देखिन्छ । निजको मृत्युपछि तत्कालै लासलाई चितवनस्थित शक्तिखोरमा नै फर्काउने वा के गर्ने भन्ने सम्बन्धमा प्रतिवादी गोविन्द बटालाले हेड अफिस शक्तिखोरमा कुरा गर्न लाग्दा अन्य प्रतिवादीहरूले लासलाई नारायणी नदीमा फालेको मिसिलबाट देखिन्छ । त्यसरी लासलाई नारायणी नदीमा फालिदिने कार्यमा प्रतिवादी गोविन्दबहादुर बटालाको सल्लाह र सहमति भएको र निजले लासलाई नारायणी नदीमा फालेको कार्यसमेत गरेको देखिँदैन । वारदातको उपर्युक्त श्रृङ्खलाको कुनै चरणमा पनि प्रतिवादी गोविन्दबहादुर बटालाको मृतक रामहरि श्रेष्ठलाई मार्ने र फाल्नेसम्मको कार्यमा संलग्नता रहेको नदेखिँदा प्रस्तुत वारदातमा निज कुनै पनि प्रकृतिको कसुरदार रहे भएको देखिन नआउने ।

प्रतिवादी गोविन्दबहादुर बटालालाई मृतक रामहरि श्रेष्ठलाई काठमाडौंबाट चितवन स्थित शक्तिखोरमा (जनमुक्ति सेनाको डिभिजन) लगी थुनेर राखेको अवस्थामा निजको मृत्यु भएको एउटै वारदातमा निज विरूद्ध पहिला कर्तव्य ज्यान मुद्दा दायर गरी सोमा लागेको तीन वर्ष कैद भुक्तान गरी निज कैदबाट रिहा भएपछि निजलाई पुनः पक्राउ गरी अपहरण तथा शरीर बन्धक मुद्दा दायर गरी निज पुर्पक्षको लागि थुनामा रहेको अवस्थामा उक्त वारदात एउटै भएको हुँदा एउटै वारदातको अपराधलाई अलग गरी निकै अघि र पछि गरी अभियोगपत्र दायर गर्न कानून र संविधानसम्मत हुँदैन भन्ने दृष्टिकोणबाट उक्त बन्दीप्रत्यक्षीकरणको रिटमा आदेश जारी भएको हो । निज विरूद्ध पछि दायर भएको अपहरण तथा शरीर बन्धक मुद्दा अहिले पनि कारबाहीयुक्त अवस्थामा रहेको भए पनि उक्त मुद्दा एउटै वारदातमा एउटा मुद्दाको परिणाम विचार गरी लामो समयको अन्तरालमा पुनः अर्को मुद्दा चलाउन मिल्दैन भन्ने अभिप्रायका साथ अदालतबाट जारी भएको यो बन्दीप्रत्यक्षीकरणको आदेशले महत्त्वहीन हुन गएको छ । बन्दीप्रत्यक्षीकरणको आदेशमा एउटै वारदातलाई टुक्र्याएर पहिला दायर गरेको मुद्दाको परिणाम विचार गरी पहिला दायर भएको मुद्दामा प्रतिवादी छुट्ने वा छुटेपछि लामो समयको अन्तरालमा पुनः अर्को मुद्दा दायर गर्न मिल्दैन भन्ने आशयसहितको सिद्धान्त प्रतिपादन भएको हुँदा उक्त बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा भएको आदेशमा प्रतिपादित सिद्धान्त निज विरूद्ध पछि दायर भएको अपहरण तथा शरीर बन्धक मुद्दामा नै क्रियाशील हुने भएको देखिँदा उक्त रिट निवेदनमा भएको आदेश र प्रतिपादन भएको सिद्धान्त प्रस्तुत मुद्दासँग सम्बन्धित र सान्दर्भिक रहेकोसमेत देखिँदैन । एउटै वारदातलाई खण्डित गरी पहिला चलाएको कर्तव्य ज्यान मुद्दाको परिणाम

विचार गरी पछि दायर गरेको अपहरण तथा शरीर बन्धक मुद्दामा अभियोगपत्र दायर भई प्रतिवादी पुर्पक्षको लागि थुनामा रहेको अवस्थामा जारी भएको बन्दीप्रत्यक्षीकरणको आदेशले प्रतिवादी थुनामुक्त भएको र उक्त मुद्दा महत्त्व एवं औचित्यहीन अवस्थामा पुगेको कारणले सो मुद्दामा भएको आदेश एवं निर्णय प्रस्तुत मुद्दाको लागि कुनै पनि कानूनी एवं संवैधानिक दृष्टिकोणबाट सान्दर्भिक नदेखिँदा उक्त मुद्दामा भएको आदेश एवं निर्णय र सोमा प्रतिपादित सिद्धान्तलाई प्रस्तुत मुद्दासँग जोडेर केही उल्लेख र विवेचना गरिरहनुपर्ने कानूनी आधार नदेखिने।

प्रतिवादी संकल्प भन्ने अर्जुन कार्कीको हकमा विचार गर्दा, निजले अदालतको बयानमा कसुरमा इन्कारी भई बयान गरेको देखिन्छ। अर्का प्रतिवादी जीवित भन्ने गोविन्दबहादुर बटालाले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतको बयानमा यी प्रतिवादी ड्राइभर भएकोले वारदातमा निजको कुनै संलग्नता नभएको भनी बयान गरेका छन् । प्रतिवादी संकल्प भन्ने अर्जुन कार्कीको साथबाट कसुरसँग सम्बन्धित कुनै दशी बरामद हुन सकेको पनि छैन। जाहेरवाला रमिला श्रेष्ठले बकपत्र गर्दा प्रतिवादी संकल्प भन्ने अर्जुन कार्कीको संलग्नता भए नभएको विषयमा कुनै कुरा भनी बकपत्र गरेको पाइँदैन। प्रमाणको भार शंकारहित तवरले पुष्टि गर्ने भार वादी पक्षमा रहने भएकोले यी प्रतिवादी संकल्प भन्ने अर्जुन कार्कीले कसुर गरेको कुरा वस्तुनिष्ठ रूपमा वादी पक्षले पुष्टि गर्न सकेको देखिँदैन। यी प्रतिवादी ड्राइभर भएकोले वारदातमा निजको कुनै संलग्नता नभएको भनी बयान गरे तापनि आफ्नो गाडीमा रहेका मृतक रामहरि श्रेष्ठको मृत्युको बारेमा यी प्रतिवादीलाई उसैबेला जानकारी नभएको भन्न नमिल्ने हुँदा र सो कुरा निजले जाहेरसम्म गरेको नदेखिँदा सुरू चितवन जिल्ला अदालतले निज प्रतिवादी संकल्प भन्ने अर्जुन कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको २५ नं. बमोजिम कसुर कायम गरी सोहीबमोजिम सजाय गरेको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब नै देखिएकोले अन्यथा गरिरहन नपर्ने।

अर्जुन कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको २५ नं. विपरीतको कसुरमा सोही नं. बमोजिम रू.२०।- (बिस रूपैयाँ) जरिवाना हुने गरी भएको फैसला मिलेको नै देखिँदा निजको हकमा सो फैसला सदर हुने ठहर्छ। अर्का प्रतिवादी जीवित भन्ने गोविन्दबहादुर बटालालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कसुरमा ऐ. १७(३) नं. बमोजिम नै ३ वर्ष कैद हुने गरी चितवन जिल्ला अदालतबाट मिति २०६८।२।१७ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।१०।५ मा भएको फैसला नमिलेकोले सो हदसम्मको फैसला उल्टी भई प्रतिवादी जीवित भन्ने गोविन्दबहादुर बटालाले अभियोग दाबीबाट सफाइ पाउने ठहर्ने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल फागुन १८ गते रोज १ शुभम्।

२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी, *०७६-WH-०२३८, बन्दीप्रत्यक्षीकरण,*

दिलबहादुर थापामगर वि. कारागार कार्यालय, नक्खुसमेत

निवेदक दिलबहादुर थापामगरलाई खोटाचलन तथा सङ्गठित अपराध मुद्दामा कुल ३ वर्ष कैद र रू. एक करोड बिस लाख जरिवाना हुने ठहरी उच्च अदालतबाट मिति २०७५।५।२६ मा फैसला भएको देखियो । निज निवेदक मिति २०७२।१२।२२ गतेदेखि थुनामा रहेको पाइयो । निजलाई ठहर भएको ३ वर्ष कैद मिति २०७५।१२।२१ मा भुक्तान भइसकेको देखियो । यसपछि जरिवानाबापत मिति २०७५।१२।२२ देखि हालसम्म कुल १० महिना ९ दिन निज कैदमा रहेको देखियो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ (२) समेतका कानूनबमोजिम एक दिनको रू. ३००।– का दरले रू. ९२,७००।- बराबरको कैद बसिसकेको देखियो । मुलुकी अपराध संहिता, २०७४ को दफा २५७ अनुसार खोटा चलन मुद्दामा कैदका अतिरिक्त सत्तरी हजारसम्म जरिवाना हुने देखिन्छ। सोअनुसार गणना गर्दा निवेदकले सत्तरी हजार जरिवानाबापत पनि कैद भुक्तान गरेको।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) बमोजिम परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ मा तोकिएभन्दा बढी सजाय गर्न नमिल्ने भएबाट निवेदकलाई अदालतको फैसलाअनुसार लागेको कैद तथा जरिवाना असुल भइसकेको देखिँदा निजलाई कैदमा राख्नु गैरकानूनी देखिएकोले निजलाई तत्काल कैदमुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७६ साल फागुन १ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७६-RC-०१५८, कर्तव्य ज्यान, नेपाल सरकार वि. सन्तलाल भन्ने सुशीलकुमार गुरूङ*

घटनास्थल र लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Blunt Force Injury of chest भन्ने उल्लेख भएसमेतबाट मृतक वीरबहादुर गुरूङको मृत्यु कुटपिटबाट लागेको चोटले भएकोमा विवाद नदेखिने।

प्रतिवादी सुशीलकुमार गुरूङ रातको समयमा कामबाट फर्की आफ्नो घरमा आइपुग्दा आफ्नी श्रीमती तारा थापा मगर र मृतक वीरबहादुर गुरूङ एक आपसमा यौनसम्पर्क गरिरहेको अवस्थामा देखी उत्ति नै खेर उठेको रिस थाम्न नसकी पहिला घरको ढोकामा लगाउने बाँसको आग्लोसमेतले मृतकलाई घरभित्र कुटपिट गरी पुनः लखेट्दै कुटपिट गर्दै घरबाट ३०० मिटर टाढा मकै बारीसम्म पुर्‍याएको भन्ने तथ्यलाई प्रतिवादीको घरदेखि अं.३०० मिटर टाढा मकैबारीमा लास रहेको भन्ने घटनास्थल तथा लास जाँच मुचुल्काले पुष्टि गर्नुको साथै प्रतिवादीको बयान र शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको मुत्युको कारणसमेतबाट मृतकको मृत्यु यी प्रतिवादी सुशीलकुमार गुरूङको कुटपिटको चोटबाट भएको देखिन आउने।

मृतकरप्रतिवादीबिचज्यानैलिनुपर्नेसम्मको पूर्वरिसइवी झैझगडा रहे भएको मिसिलबाट

देखिँदैन । आफ्नी श्रीमती अन्य परपुरूषसँग अनैतिक रूपमा शारीरिक सम्पर्क गरिरहेको आपत्तिजनक अवस्थामा देखी कोठाभित्र पस्दा पहिला मृतकले नै प्रतिवादीलाई आक्रमण गरेका र सोसमेतका कारणले यी प्रतिवादीलाई उसैबेला उठेको रिस थाम्न नसकी मृतकलाई कुटपिट गर्नु अस्वाभाविक भन्न मिल्ने अवस्था देखिँदैन । मृतक वीरबहादुर गुरूङले प्रतिवादीको श्रीमतीलाई शारीरिक सम्पर्क गरिरहेको अवस्थामा प्रतिवादी लोग्नेले देख्नुको कारण नै प्रतिवादी र मृतकबिच कुटपिट हुन गएको र सोही जरियाबाट मृतकको मृत्यु भएको अवस्था देखिन्छ। यो क्रियाको सिलसिलामा प्रथमत: यी प्रतिवादीले मृतकलाई तत्काल उठेको रिसको कारण पहिला घरभित्र कुटपिट गर्दा भागी गएपछि पुनः निजलाई कुटपिट गर्दै लखेट्दै घरदेखि ३०० मिटर पर मकैबारीसम्म पुऱ्याई बाँसको आग्लोसमेतले मृतकलाई पटकपटक कुटपिट गरेका कारण मृतकको मृत्यु भएको अवस्था छ। आफ्नो श्रीमतीलाई मृतकसँग अपत्तिजनक अवस्थामा देखेपछि प्रतिवादी पहिला कोठामा जाँदा मृतकले नै आक्रमण गरेपछि प्रतिवादीले पनि मृतकउपर कुटपिट गरेको अवस्था देखिन्छ । वारदातको पृष्ठभूमि, अवस्था र जरियाबाट नै प्रतिवादीउपर रिस उठी उक्त वारदात घटेको देखिन्छ। प्रस्तुत वारदातमा मृतक र प्रतिवादीबिच पूर्वरिसइवी र मार्नुपर्ने कारण, योजना, तयारी केही पनि देखिँदैन। यी प्रतिवादी सुशीलकुमार गुरूङको तत्कालै उठेको रिसबाट मृतकको ज्यानै लिने मनसाय विकसित (Developing Mens Rea) भएको भन्ने देखिन आएको अवस्थामा सुरू फैसला सो हदसम्म उल्टी गरी प्रतिवादी सन्तलाल भन्ने सुशीलकुमार गुरूङलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भए तापनि मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४०(२) मा "**कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन ।**" भन्ने व्यवस्था भएको देखिँदा सर्वस्वसहित जन्मकैद नभई जन्मकैद मात्र गर्ने गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी र मृतकको बिच पूर्वरिसइवी र कुनै प्रकारको झैझगडा नरहेको, पूर्वतयारी र योजना केही नभएको कामबाट आफू घरमा आइपुग्दा आफ्नी श्रीमती अन्य परपुरुषसँग अनैतिक रूपमा शारीरिक सम्पर्क गरिरहेको आपत्तिजनक अवस्थामा देख्दा पहिला मृतकले नै आक्रमण गरी चोट छाडेको कारणले तत्काल उठेको रिसलाई थाम्न नसकी तत्कालै सोही अवस्थामा आएको विचारबाट कुटपिट हुनाका साथै प्रतिवादी आफैँ जिल्ला प्रहरी कार्यालय धादिङको सम्पर्कमा आई मौकामा र अदालतमा बयान गर्दा आफूले कसुर गरेको भनी कसुरमा साबित भई न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याएसमेतबाट निजले उक्त कसुर गर्दाको अवस्था र परिस्थितिसमेतलाई हेर्दा यी प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने हुँदा तत्कालीन मुलुकी ऐन अ.बं.१८८ नं. बमोजिम यी प्रतिवादीले उक्त कसुर गर्दाको माथि उल्लिखित अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा निजलाई फैसला हुँदा ठहरिएको जन्मकैदको सजाय गर्नु न्यायको रोहमा बढी पर्ने देखिँदा यी प्रतिवादी सन्तलाल भन्ने सुशीलकुमार गुरूङलाई ५ (पाँच) वर्ष कैद

सजाय हुन भनी लगाएको रायसमेत मनासिब नै देखिँदा अन्यथा गरिरहन नपर्ने।

प्रतिवादी सन्तलाल भन्ने सुशीलकुमार गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुर कायम गरी सोही नं. बमोजिम सजाय गर्ने गरेको सुरू धादिङ जिल्ला अदालतको फैसला सो हदसम्म केही उल्टी गरी प्रतिवादी सन्तलाल भन्ने सुशीलकुमार गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुनेमा हाल प्रचलित मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४०(२) बमोजिम जन्मकैद हुने ठहऱ्याई कसुर गर्दाको अवस्था र परिस्थितिसमेतलाई विचार गरी मुलुकी ऐन अ.बं. को १८८ नं. बमोजिम यी प्रतिवादी सन्तलाल भन्ने सुशीलकुमार गुरूङलाई ५(पाँच) वर्ष कैद सजाय हुने गरी उच्च अदालत पाटनबाट मिति २०७५।१०।१४ मा भएको फैसला मिलेकै देखिँदा उक्त फैसला साधक जाँचको रोहमा सदर हुने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७७ साल श्रावण १६ गते रोज ६ शुभम्।

४

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७५-CR-१००९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. शेरबहादुर तामाङ*

जाहेरवाला स्वयम्ले व्यवहार लेनदेन भई सहमतिमा वैदेशिक रोजगारको लिखत गरिएको हो। प्रतिवादीले वैदेशिक रोजगारमा पठाउँछु भनी रकम लिएको होइन । मैले निज प्रतिवादीबाट पाउनुपर्ने सम्पूर्ण रकम फिर्ता पाइसकेको छु भनी बेहोरा उल्लेख गरेबाट जाहेरवाला र प्रतिवादीबिच वैदेशिक रोजगारसम्बन्धी विषयमा रकम लिनु दिनु नभई व्यवहार लेनदेन भएको मिसिलबाट देखिने।

जाहेरवालाले न्यायाधिकरणसमक्ष उपस्थित भई व्यवहार लेनदेनको हो कागज मात्र वैदेशिक रोजगारको गरिदिएको हो भनी बकपत्र गरेको र यी प्रतिवादीबाट सबै रकम पाइसकेको भनी बयानसमेत गरेको कुरा मिसिल संलग्न प्रमाणहरूबाट देखिन आएकोले जाहेरवाला र यी प्रतिवादीबिचको कारोबार वैदेशिक रोजगारअन्तर्गत नभई लेनदेन व्यवहारअन्तर्गतको नै पर्ने देखियो। फौजदारी न्यायको मान्य सिद्धान्तअनुसार शंकारहित तवरबाट अभियोग पुष्टि हुनुपर्छ । प्रमाण ऐन, २०३१ को दफा १० र १८ लाई हेर्दा जाहेरवालाले पनि अदालतमा उपस्थित भई आफ्नो जाहेरीलाई पुष्टि हुने गरी बकपत्र नगरेको जाहेरीलाई प्रमाणमा लिइरहनुपर्ने अन्य कुनै कारणसमेत नदेखिएको अवस्थामा केवल लिखतमा वैदेशिक रोजगारमा पठाउने प्रयोजनको लागि रकम लिएको भन्ने वाक्यांश उल्लेख भएकै आधारमा मात्र वैदेशिक रोजगार ठगीको कसुर कायम गरी सजाय गर्नु न्यायोचित र तर्कसङ्गत नहुने।

प्रतिवादी शेरबहादुर तामाङउपरको अभियोग दाबी पुग्न नसकी निजलाई सफाइ दिने गरी र लेनदेनको विषयमा वैदेशिक रोजगारको कागज तयार गरी सोही लिखतको प्रमाण बनाई झुट्ठा जाहेरी दिई पोल गरेकोमा जाहेरवालालाई मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ४४ बमोजिम रू.५,०००।- जरिवाना हुने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण,

काठमाडौंबाट मिति २०७५।५।१२ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७७ साल जेठ २२ गते रोज ५ शुभम्।

५

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७६-WH-००८९, बन्दीप्रत्यक्षीकरण, मरियाम थापासमेत वि. उच्च अदालत पाटनसमेत*

निवेदकहरूले आफूहरू कार्यरत मानव उद्धार परिषद् नामको संस्थाको तर्फबाट चेकमा हस्ताक्षर गरेको आधारमा संस्थाको दायित्वअन्तर्गत व्यक्तिगत रूपमा दोषी देखाई हामीलाई थुनामा राखिएको छ । यसरी संस्थाको तर्फबाट गरिएको कार्यको निमित्त हामी व्यक्तिलाई पक्राउ गरेको कार्य गैरकानूनी हुँदा थुनामुक्त गरिपाउँ भन्ने निवेदन मागदाबी लिएको देखियो। मिसिल संलग्न थुनामा राखिएको सम्बन्धमा रहेका पक्राउको अनुमति-पत्र, पक्राउ पुर्जी, म्याद थप-पत्रलगायतका कागजातका प्रति तथा विपक्षीहरूको लिखित जवाफसमेतबाट पक्राउ गर्ने र थुनामा राख्ने कार्य कानूनी प्रक्रिया पुऱ्याएर नै भए गरिएको देखिने।

विपक्षीहरू भवानी खरेल र कविता पौडेलले आफूहरूलाई प्राप्त चेकबमोजिमको रकम बैंकले रकम अभाव भएको भनी भुक्तानी नदिई चेक अनादर भएपछि बैंकिङ कसुरमा दिएको जाहेरी कानूनले व्यवस्था गरेअनुरूपकै उपचारको उपाय रहेको देखिन्छ। सोअनुरूप जाहेरी परेपछि विपक्षी महानगरीय प्रहरी वृत्त र उच्च अदालत पाटनले गरेका सबै क्रियाकलापहरू कानूनी प्रक्रिया र दायराअनुरूप नै भएका गरिएका देखिन्छन् । सोअनुरूप प्रक्रियागत रूपमा अनुसन्धान कार्य सम्पन्न भई उच्च अदालत पाटनमा मुद्दा दर्ता भई थुनछेकको आदेशको क्रममा अदालतले माग गरेको धरौटी रकम बुझाई निवेदकहरू तारेखमा रहने गरी थुनामुक्त भई गइसकेको भन्ने विद्वान् सहन्यायाधिवक्ताले बहसको क्रममा इजलाससमक्ष बताउनु भएको।

निवेदकहरू हाल उच्च अदालत पाटनले थुनछेकको क्रममा माग गरेको धरौटी रकम बुझाएर थुनामुक्त भइसकेको भन्ने कुरा देखिन आएकोले निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने अवस्था रहे भएको नपाइएको।

रिट निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था विद्यमान रहेको नहुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: समी नेपाली

इति संवत् २०७६ साल कार्तिक ८ गते रोज ६ शुभम्।